मजदुर विज्ञापन शाखा
नागांचा-१०, भक्तपुर, फोन नं. ९७४४४२४४६५

विज्ञापनको लागि सूचना

सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id: majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदै विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

भाइबर नं. : ९७४४४२४४६५
Gmail : majdurdailybigyapan@gmail.com

मजदुर The Worker Daily दैनिक

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६ भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर
## The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com


विज्ञापनको निम्ति सम्पर्क
फोन नं ६६१९१०७
६६२०५५९

★ वर्ष : २८ ★ अङ्क : ६५ ★ ने. सं. ११४६ चौला थ्व, एकादशी ★ आइतबार ★ १५ चैत, २०८२ ★ March 29, 2026, Sunday ★ मूल्य रु.५।– ★ पृष्ठ ८

# सिद्धि गणेश सहकारीमा ज्येष्ठ नागरिकहरू सम्मानित




भक्तपुर, १४ चैत । सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.को आयोजनामा ज्येष्ठ सदस्य सम्मान कार्यक्रम शनिबार सम्पन्न भयो ।

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँको प्रमुख आतिथ्यमा भएको उक्त कार्यक्रममा उहाँले संस्थामा आबद्ध १०० जना ज्येष्ठ सदस्यहरूलाई दोसल्ला ओढाई सम्मान गर्नुभयो ।

कार्यक्रममा अध्यक्ष बिजुक्छेँले भाषा राम्ररी नजान्नाले विभिन्न समस्या भोग्नुपर्ने, भाषाको समस्याका कारण विभिन्न अवसरहरू पनि गुम्ने हुनाले सहकारी संस्थाबाट भाषा कक्षाहरू सञ्चालन हुनुपर्ने सुझाव दिनुभयो ।

विभिन्न प्रलोभन देखाई ज्येष्ठ नागरिकहरूलाई सही गराउँदा घर-खेत नै गुमेको घटना सुनाउँदै अध्यक्ष बिजुक्छेँले कुनै पनि कागजातमा सही गर्नुपूर्व घर-परिवार र छरछिमेकीहरूसँग सल्लाह लिनुपर्ने बताउनुभयो ।

उहाँले भन्नुभयो, "अरूको सेवा गरेमात्र आफूले पनि सेवा पाउने सम्भावना हुन्छ । भक्तपुर नगरपालिकाले स्वास्थ्य, शैक्षिक र सांस्कृतिक क्षेत्रमा सेवा गरे तापनि स्थानीय जनताले ती सुविधाहरूको सही मूल्याङ्कन गर्न सकेनन् ।"

सहकारी संस्थाहरूबाट सदस्यहरूलाई भ्रमण लैजानुभन्दा पहिला भ्रमणस्थलको बारेमा विस्तृत जानकारी गराएमा सो स्थलको स्मरण पछिसम्म रहने उहाँले बताउनुभयो ।

अध्यक्ष बिजुक्छेँले भन्नुभयो, "आजकल संयुक्त परिवारमा बस्ने चलन कम हुँदै छ । प्राय: परिवारहरूमा बच्चा हेर्न समय नै नभएको, स्कूल पठाउन र लिन जान समय व्यवस्थापन गर्न कठिन भएकोले इच्छा भएर पनि सन्तान जन्माउन नचाहने प्रवृत्ति बढिरहेको छ, जुन परिवारको मात्र नभई समाज र देशकै समस्या बन्दै गएको छ । यस्ता समस्या समाधानबारे सहकारी संस्थाहरूले छलफल गर्नु जरूरी देख्छु ।"

ज्येष्ठ नागरिकहरू पैसाले भन्दा पनि आफन्तजन र छिमेकीहरूको भेटघाटबाट खुसी हुने भएकोले यसतर्फ सबैले मनन गर्नु आवश्यक छ, उहाँले भन्नुभयो ।

भक्तपुर नगरपालिका वडा नं. ७ का वडाध्यक्ष उकेश कवांले भक्तपुर नगरपालिकाबाट प्रदान गरिरहेको घरदैलो नर्सिङ सुविधालगायत ख्वप अस्पतालको सेवाबारे सुझावहरू दिन अनुरोध गर्नुभयो ।

आजकल आमाबुबा दुबै रोजगारीका कारण व्यस्त रहने हुँदा नयाँ पुस्तालाई मातृभाषा र असल व्यवहारबारे ज्येष्ठ सदस्यहरूले सिकाउनु जरूरी भएको उहाँले बताउनुभयो ।

वडाध्यक्ष कवांले वडाका गतिविधिबारे चर्चा गर्दै यही चैत १७ र १८ गते ज्येष्ठ नागरिकले पाउने सामाजिक सुरक्षा भत्ता वडाबाट वितरण हुने जानकारी दिनुभयो ।

डा. रत्नसुन्दर लासिवाले सहभागी

*बाँकी पृष्ठ ८ मा*

# "निर्वाचनमा नेमकिपाले घोषणापत्रबारे जनतालाई राम्रोसँग बताउने काम गर्‍यो"




भक्तपुर, १४ चैत । नेपाल मजदुर किसान पार्टी वडा नं. १ पार्टी समितिको आयोजनामा शनिबार स्थानीय वडावासी, मजदुर, किसान, युवा, विद्यार्थी, महिला, बुद्धिजीवी र समाजसेवीहरूको भेला भयो ।

फागुन २१ गते भएको संसदीय निर्वाचनमा नेमकिपालाई सहयोग गर्ने सम्पूर्णमा धन्यवाद ज्ञापन गर्न आयोजित उक्त कार्यक्रममा पार्टीका सचिव प्रेम सुवालले देश र जनताको नि:स्वार्थ सेवा गर्न नेमकिपा स्थापना भएकोले पार्टीबाट निर्वाचित जनप्रतिनिधिहरू देश र जनताको सेवामा लागिरहनुभएको बताउनुभयो ।

उहाँले भन्नुभयो, "निर्वाचनमा खटिएका सबै कर्मचारी निष्पक्ष देखिएनन् । मतपत्रको कागज, मसी र छापदानीसमेत कमसल भेटियो । कतिपय मतदान केन्द्रमा उम्मेदवार र उम्मेदवार प्रतिनिधिलाई नै प्रवेश गराइएन ।"

पार्टी फेरेर चुनाव जितेकाहरूको जतिसुकै बहुमत भए पनि त्यस्तो सरकारबाट देश र जनताको नि:स्वार्थ सेवा नहुने उहाँले स्पष्ट पार्नुभयो ।

सचिव सुवालले भन्नुभयो, "निर्वाचनमा नेमकिपाले घोषणापत्रबारे जनतालाई राम्रोसँग बताउने काम गर्‍यो । नेमकिपाले अन्य शासक दलले जस्तै जनतालाई मोबाइल आतङ्क गरेन ।"

कार्यक्रममा नेमकिपा भक्तपुर नगर समितिका सदस्य उपेन्द्र सुवालले निर्वाचनको परिणामबाट पाठ सिकी जनताको सेवामा अझ मेहनतका साथ लाग्नुपर्ने बताउनुभयो ।

"गएको निर्वाचनमा भारतीय विस्तारवाद र अमेरिकी साम्राज्यवादको चलखेल भएको प्रस्ट हुँदै आएकोले कार्यकर्ताहरू सजग भई पार्टी गतिविधिमा केन्द्रित हुन आग्रह गर्दछु", उहाँले भन्नुभयो ।

भनपा वडा नं. १ का वडाध्यक्ष श्यामकृष्ण खत्रीले निर्वाचन परिचालन समिति गठनपश्चात वडामा भएका गतिविधिबारे बताउनुभएको उक्त कार्यक्रममा कृष्णबहादुर दुगुजु र सूर्यप्रसाद श्रेष्ठले पनि बोल्नुभएको थियो ।

# भ्रष्टाचार र अनियमितता अन्त्य नभइकन सुशासन नहुने

काठमाडौँ, १४ चैत । ऋणमा डुबेको देशमा भ्रष्टाचार र अनियमितता बढ्नु र भ्रष्टाचारी, कमिसनखोर, कालाबजारीहरू पक्राउ नपर्नु या कारबाहीमा नपर्नु राम्रो सङ्केत होइन । देशमा करोडौँ अरबौँ बराबरको सहकारीको सम्पत्ति ठगेको, ठगेर बेपत्ता भएको वर्षौं भयो । तर, सहकारी ठगहरू कारबाहीमा परेनन् । सहकारी ठगहरूलाई यो सरकारले कारबाही गर्ला कि नगर्ला ? कति ठेक्काका कम्पनीहरूले देश विकासमा अवरोध पुर्‍याउने काम गरे । विकास योजना ठप्प पारेर विकास योजना अघि नबढाउने ठेकेदारहरू के कारबाहीमा पर्लान् ? गएको सरकारको बेला उठेका भ्रष्टाचार, अनियमितता, मानव अधिकार उल्लङ्घन र हत्या हिंसामा मुछिएका अपराधीहरू के कारबाहीमा पर्लान् ? के यी मुद्दाका सबै फाइलहरू सरकारले खोलेर कारबाहीको प्रक्रिया अघि बढाउला ?

अहिले पनि मालपोत कार्यालयलगायतका विभिन्न सरकारी कार्यालयहरूमा घुसबिना काम हुँदैन । जनताको हरेक काम घुस लिएर मात्रै गरिरहेको हुन्छ । विभिन्न विकास योजनामा चुहावत हुन्छ । यी कारण देश विकासमा पछि परेको हो । देशका उद्योग, कारखाना तथा सरकारी सङ्घ संस्था डुब्नु, घाटामा पर्नुको कारण पनि भ्रष्टाचार, अनियमितता र कमिसनको चलखेल नै हो । नेपाल भ्रष्टाचार बढी हुने देशको सूचीमा त्यसै परेको होइन ।

विदेशबाट आयात हुने सामानमा भ्रष्टाचार, अनियमितता र चुहावत हुन्छ । रोगको प्रकोप हुँदा, भूकम्प हुँदा, बाढी पहिरो हुँदा आएको सहयोग या राहतमा पनि अनियमितता हुन्छ । प्राप्त सहयोग पीडितहरूको घरमा पुग्दैन । ऋण तिर्न ऋण लिनुपर्ने देशको स्थिति छ । कर्मचारीलाई तलब खुवाउन सकिएको छैन । यसले देशको अर्थतन्त्र मजबुत छैन भन्ने देखाउँछ । प्रम, मन्त्री, उच्चपदस्थ कर्मचारीहरू इमानदार नभएका कारण देशमा भ्रष्टाचार बढेको हो । बढी चुहावत भएकै कारण देशको आयस्रोत घटेको हो । देशमा व्याप्त भ्रष्टाचार, अनियमितता र चुहावतलाई यो सरकारले के नियन्त्रण गर्न सक्ला ?

भ्रष्टाचार र अनियमितता अन्त्य गर्ने दृढता भएमा तद्नुसार पाइला चालेमा सरकारले भ्रष्टाचार अन्त्य नभए पनि केही हदमा नियन्त्रण गर्न सक्छ । यसको निम्ति शासकहरूमा आँट चाहिन्छ; प्रतिबद्धता चाहिन्छ । भ्रष्टाचार, अनियमितता अन्त्य नभइकन, भ्रष्टाचारी, कालाबजारी, कमिसनखोरमाथि कारबाही नगरिकन देशमा सुशासन सम्भव छैन; सुशासन नभइकन देश विकास सम्भव छैन; देश विकास नभइकन जनताको जीवन सुनिश्चित हुनेछैन ।

घाटाको नाउँमा अहिले पनि बन्द भएका उद्योग तथा कारखानाहरू चलेका छैनन् । बन्द भएका उद्योग-कारखानाहरूलाई सरकारले मर्मत गर्दै आर्थिक सहयोग गरेमा फेरि राम्ररी सञ्चालन हुनेछ र देश र जनताको निम्ति

*बाँकी पृष्ठ २ मा*

# पूर्वप्रम ओली र पूर्वगृहमन्त्री लेखक पक्राउ

भक्तपुर, १४ चैत । नेकपा (एमाले)का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओली उहाँको निवासबाटै पक्राउ पर्नुभएको छ ।

सूर्यविनायक नगरपालिका-७ गुण्डुस्थित भाडाको घरमा बस्दै आउनुभएका ओलीलाई शनिबार बिहानै प्रहरीले पक्राउ गरिएको हो ।

जेनजी आन्दोलनको छानबिन गर्न गठित पूर्वन्यायाधीश गौरीबहादुर कार्की नेतृत्वको आयोगले दिएको सिफारिस कार्यान्वयनका सिलसिलामा उहाँलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ ।

काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयको प्रहरी टोली शनिबार बिहान ५:०० बजे गुण्डु पुगेको थियो ।

त्यस्तै पूर्वगृहमन्त्री तथा नेपाली काङ्ग्रेसका नेता रमेश लेखकलाई प्रहरीले शनिबार बिहान निवासबाटै पक्राउ गरेको छ । जेन(जी आन्दोनलको छानबिन गर्न गठित पूर्वन्यायाधीश गौरीबहादुर कार्की नेतृत्वको आयोगले दिएको सिफारिस कार्यान्वयनको सिलसिलामा उहाँलाई पक्राउ गरिएको हो ।

सूर्यविनायक नगरपालिका-५ कटुञ्जेस्थित भाडाको घरमा बस्दै आउनुभएका लेखकलाई बिहानै प्रहरीले पक्राउ गरेको हो । एमाले अध्यक्ष ओली पक्राउको विरोधमा उत्रिएका सात प्रदर्शनकारीलाई प्रहरीले पक्राउ गरेको छ ।

जिल्ला प्रहरी परिसर काठमाडौँका प्रवक्ता, प्रहरी उपरीक्षक पवनकुमार भट्टराईले सिंहदरबारस्थित निषेधित क्षेत्रमा प्रवेश गर्न खोजेपछि उनीहरूलाई पक्राउ गरिएको जानकारी दिनुभयो ।



**सेतो मच्छिन्द्रनाथ लगन टोलतर्फ लगिँदै**

वर्षा र सहकालका देवता सेतो मच्छिन्द्रनाथ (जनवहा द्यः) को रथ जात्रा शनिबार हनुमानढोका परिसरबाट तानेर लगन टोलतर्फ लगिँदै । शनिबार लगनटोल लाने परम्परा रहेको छ । *तस्बिरः रत्न श्रेष्ठ/रासस*

# रत्न प्रजापतिलाई धनमान कथा पुरस्कार प्रदान




भक्तपुर, १४ चैत । कथाकार रत्न प्रजापतिलाई एक समारोहबिच धनमान कथा पुरस्कार प्रदान गरिएको छ । लघुकथा समाजको आयोजना तथा सिर्जना अभियान समाजको संयोजनमा भएको सो समारोहमा भाषा आयोगका सदस्य तथा कथाकार मातृका पोखरेलले धनमान कथा पुरस्कार प्रदान गर्नुभयो ।

समारोहमा कथाकार प्रजापतिलाई पुरस्कार प्रदान गर्दै प्रमुख अतिथि पोखरेलले पुरस्कार लेखकको सम्मान र सिर्जनाको मूल्याङ्कन हो भन्नुभयो । उहाँले कथाकार रत्नका कथाले स्थानीय संस्कृति र भावनालाई पनि महत्त्व प्रदान गरेको बताउनुभयो ।

कथाकार ध्रुव मधिकर्मीले पुरस्कृत स्रष्टाको परिचय प्रस्तुत गर्दै प्रजापतिका प्रत्येकजसो कथामा रतिराग र प्रेमको अनुभूतिलाई विविध सन्दर्भमा प्रभावकारी रूपले चित्रण गरिएको पाइन्छ भन्नुभयो ।

पुरस्कारका दाता एवं वरिष्ठ कथाकार धनमान श्रेष्ठले कथाप्रति आफ्नो रुचि भएकाले स्रष्टाहरूको सम्मानको लागि पुरस्कार स्थापना गरेको बताउनुभयो ।

समारोहमा पुरस्कृत स्रष्टा प्रजापतिले पुरस्कारले आफूलाई लेखनमा अझ जिम्मेवारीपूर्वक लाग्न प्रोत्साहित गरेको बताउनुभयो ।

समाजका अध्यक्ष तथा समारोहका सभापति तुलसीहरि कोइरालाले समाजले पुरस्कारबाट स्रष्टा र सिर्जनाको सम्मान हुन्छ भन्नुभयो ।

नेपाली साहित्यको कथा र लघुकथा विधाका स्रष्टाहरूको प्रोत्साहनको लागि स्थापना गरिएको सो पुरस्कार प्रत्येक वर्ष कथा र लघुकथातर्फ आलोपालो गरी प्रदान गरिँदै आएको छ ।

# भक्तपुर नपा वडा नं. १० मा कानुनी परामर्श कार्यक्रम

भक्तपुर, १४ चैत । भक्तपुर नगरपालिकाद्वारा सञ्चालित कमलविनायक छिकोङ समूह, भनपा १० को आयोजनामा शनिबार कानुनी परामर्श कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा अनिता जधारीले आजभोलि महिला दिदीबहिनी, युवा तथा बालबालिकाहरूले सञ्चारमाध्यममा आफ्नो दैनिकीका सबै फोटो र भिडियोहरू पोस्ट गर्नाले साइबर अपराधीहरूले त्यस्ता व्यक्तिहरूलाई निसाना बनाई अपराध गरिरहेको बताउनुभयो ।




सञ्चारमाध्यमहरूमा जथाभावी विभिन्न वेभसाइट खोल्ने, ओटीपी कोडहरूलाई नचिनेको मान्छेलाई दिने, नचिनेको मान्छेसँग कुराकानी गरी भेट्न जाने मानिसहरू अपराधीहरूको चङ्गुलमा पर्ने बताउँदै उहाँले सञ्चारमाध्यम चलाउँदा सावधानी अपनाउनुपर्ने बताउनुभयो ।

उहाँले आफ्नो परिवार तथा छरछिमेकलाई सञ्चारमाध्यमहरूबाट हुनसक्ने आपराधिक क्रियाकलापहरूबारे जानकारी दिने र सचेत गराउनुपर्ने बताउनुभयो ।

भनपा वडा नं. १० का वडाध्यक्ष लक्ष्मीप्रसाद ह्यौँमिखाले नेमकिपाले निर्वाचनलाई सत्ता प्राप्तिको माध्यमको रूपमा नभई जनतालाई सचेत र सङ्गठित गरी राजनीतिक शिक्षा दिने माध्यमको रूपमा लिई काम गरिरहेको बताउनुभयो ।

उहाँले भनपाबाट गरिरहेका विकास निर्माण कार्यहरूको जानकारी दिँदै नपाबाट भएका पूर्वाधार निर्माण कार्यहरू गुणस्तरीय र कम लागतमा भएको बताउनुभयो ।

बिनु बनमालाले प्रजेक्टरमार्फत कानुनसम्बन्धी परामर्श दिनुभएको थियो ।

कमलविनायक छिकोङ समूहका प्रशिक्षक कमल कोजूको सभापतित्वमा भएको उक्त कार्यक्रममा जितेन्द्र मुनंकर्मी र बिनिता अवालले पनि बोल्नुभएको थियो ।

# ख्वप इन्जिनियरिङमा अन्तर–विभाग फुटसल सुरु



भक्तपुर, १४ चैत । ख्वप इन्जिनियरिङ कलेज फुटसल सर्कलको आयोजनामा शनिबारदेखि 'अन्तर–विभाग छात्र फुटसल प्रतियोगिता' सुरु भएको छ । कलेजमा अध्ययनरत विद्यार्थीहरूको सेमेस्टर ब्रेकलाई रचनात्मक बनाउने उद्देश्यले आयोजित प्रतियोगिताको पहिलो दिनमै खेलाडी र दर्शकको उत्साहजनक उपस्थिति देखियो ।

स्थानीय फुटसल मैदानमा आयोजित उद्घाटन समारोहमा खेलकुद प्रशिक्षक श्यामकृष्ण बासुकलाले निर्णायक (रेफ्री) लाई फूटबल हस्तान्तरण गरी प्रतियोगिताको उद्घाटन गर्नुभयो । उहाँले प्राविधिक शिक्षासँगै खेलकुद र अनुशासनको महत्त्वबारे चर्चा गर्नुभयो ।

उहाँले भन्नुभयो, "खेलकुदले मानसिक स्फूर्ति र शारीरिक तन्दुरुस्ती प्रदान गर्छ ।"

प्रतियोगितामा कलेजका विभिन्न सङ्काय र विभागका १६ वटा छात्र टीमले प्रतिस्पर्धा गरिरहेका छन् । दुई दिनसम्म चल्ने प्रतियोगिताको पहिलो दिन शनिबार नकआउट चरणका खेलहरू सम्पन्न भएका छन् । प्रतियोगिताको फाइनल खेल आइतबार हुने आयोजकले जानकारी दिएको छ ।

# संगमको अर्धवार्षिक समीक्षा कार्यक्रम सम्पन्न

भक्तपुर, १४ चैत । संगम बचत तथा ऋण सहकारी संस्थाको १५ औँ अर्धवार्षिक समीक्षा कार्यक्रम शनिबार सम्पन्न भयो ।

कार्यक्रममा संस्थाका सल्लाहकार न्हुछेराम भेलेले सहकारी संस्थाले आर्थिक कारोबारका साथै सामाजिक तथा सांस्कृतिक उत्थानको लागि पनि जिम्मेवारी निर्वाह गर्नुपर्ने सुझाव दिनुभयो ।

उहाँले भन्नुभयो "समाजको परिचय त्यहाँको कला, संस्कृति र सभ्यता नै हो; त्यसैले आर्थिक उन्नतिका साथसाथै सामाजिक चेतनाको विकास गर्नु जरुरी छ । संस्थाका अर्का सल्लाहकार राजाराम चवालले नयाँ पुस्तालाई मौलिक पेसा व्यवसाय अँगाल्न सक्ने क्षमता विकास गराउनु भएकोले सहकारी संस्थाहरूले पनि आफ्नो तर्फबाट उपयुक्त कार्यक्रमहरू ल्याउनुपर्ने उल्लेख गर्नुभयो ।

संस्थाका सहसचिव सरजू फसिकवले अर्धवार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गर्नुभएको उक्त कार्यक्रममा संस्थाका कोषाध्यक्ष बलराम नागाले अर्धवार्षिक आर्थिक प्रतिवेदन र लेखा समितिका संयोजक पुण्यराम भेलेले अर्धवार्षिक लेखा परीक्षण प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो ।

कार्यक्रमको अर्को सत्रमा विभिन्न उपसमितिहरूबाट आगामी दिनको लागि प्रस्तावित नीतिगत प्रस्ताव तथा कार्यक्रमहरू प्रस्तुत गरिएको थियो ।

संस्थाका अध्यक्ष बलराम सिबन्जारको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा उपाध्यक्ष शिवराम किजूले स्वागत गर्नुभएको थियो । कार्यक्रममा संस्थाका सल्लाहकारहरू न्हुछेरत्न खाइतु, दामोदर लिवी, नारायणप्रसाद तमखु, रामप्रसाद सिबन्जार तथा निवर्तमान अध्यक्ष कृष्णगोपाल छुस्याकीले विविध विषयमा आफ्नो धारणा राख्नुभएको थियो । कार्यक्रममा संस्थाका सचिव विजय लोहलाले पनि बोल्नुभएको थियो ।

# बागलुङमा संरक्षित छ भक्तपुरको हनुमान नाच

गलकोट (बागलुङ), १४ चैत । भूपतीन्द्र मल्लले भक्तपुरमा सुरु गरेको 'हनुमान नाच' बागलुङका नेवार समुदायमा अझै जीवितै छ । हनुमानको भेषमा सजिएका नेवारी युवाहरू हातमा लाठी समातेर विभिन्न १० सुर तथा तालमा नाचिरहेको दृश्यले धेरैलाई लोभ्याउँछ । यो दृश्यले भदौ यता निरन्तरता पाएको छ ।

हनुमानको अवतारमा एक हुल नेवारी समुदायका युवाहरू एक आपसमा लाठी ठोकेर पुच्छर घुमाउदै नाच्दा बागलुङ बजार गुन्जयमान हुन्छ । तीन सय वर्षभन्दा बढी पुरानो हनुमान नाच नेवारी समुदायको जीवन्त इतिहासको रूपमा बागलुङमा देख्न पाइन्छ ।

विसं २०७३ भदौमा देखाइएको हनुमान नाच नौ वर्षपछि पुनः देखाउन थालिएको हो । चैते दसैँको अवसरमा कालिका मन्दिर परिसरमा देखाइएको हनुमान नाच धेरैको आकर्षणमा परेको थियो । विसं २०८२ भदौबाट सुरु गरिएको हनुमान नाच अहिलेसम्म नौ पटक मञ्चन भइसकेको हनुमान नाच संरक्षण समिति बागलुङका प्रधानकजी इश्वर मलेपतीले बताउनुभयो ।

मलेपतीले भन्नुभयो, "व्यापारको शिलशिलामा भक्तपुरबाट आएका नेवार समुदायले यो संस्कृति आफूसँगै ल्याएका थिए ।" हनुमान नाच किनाराटोल, राधाकृष्ण टोल, धौलागिरी चोक, आवारोड, गलकोट हुँदै कालिका मन्दिर सम्म देखाइएको छ ।

तीन वर्ष, पाँच वर्ष, सात वर्षमा नाचिने हनुमान नाच यसपटक कोरोना महामारीलगायतका कारणले केही समय रोकिएको थियो । भक्तपुरका नेवार समुदाय विसं १७६८ मा व्यापार तथा व्यवसाय गर्नका लागि बागलुङ आएका थिए ।

हिन्दु धर्ममा अष्टचिरञ्जीवीका रूपमा हनुमानलाई पूजा गर्ने र उनैको नाच प्रदर्शन गर्दा जीवनभर शक्ति प्राप्त हुने विश्वास छ । बाजाको तालमा एक अर्कालेे लठ्ठी ठोकेर पुच्छर हल्लाउदै हनुमानको भेषमा हिड्नु पर्दछ । हनुमान नाचमा विभिन्न प्रकारका ताल छोपेर नाच्नुपर्छ । रासस

*भ्रष्टाचार...*

फाइदा हुनेछ । जनताका आधारभूत आवश्यकता पूर्ति गर्न कहाँ कहाँ कुन कुन उद्योग खोल्दा उपयुक्त हुन्छ सोको अध्ययन र खोजीनीति गरी उद्योग खोल्ने प्रक्रिया अघि बढाउनुपर्छ । उद्योग घाटामा पर्ने र उद्योग सञ्चालक मोटाउने काम भएको यथार्थ हो । उद्योग निजीले सञ्चालन गर्दा नाफा हुने र सरकारले चलाउँदा कसरी घाटा हुन्छ ? उद्योग घाटा हुनुको कारण नखोजी सरकारले निजीकरण गरेर व्यक्तिलाई पोस्ने काम गऱ्यो ।

देशलाई भ्रष्टाचारशून्य बनाउन सके देशमा विकास सम्भव छ । यसका लागि शासकहरू इमानदार हुनुपर्छ । भ्रष्टाचार गर्ने जोकोहीलाई कारबाही गर्न पछि हट्नु हुँदैन । भ्रष्टाचारीहरूलाई हदैसम्मको कारबाही गर्नुपर्छ । अपराधीहरू सबै कारबाहीमा पर्नुपर्छ । अरु दलका भ्रष्टाचारीलाई कारबाही गर्ने र आफ्ना दलकालाई छुट दिने या कारबाहीको प्रक्रिया अघि नबढाउने शासकहरूमा देखिएको रोगले नै भ्रष्टाचारीहरू कारबाहीमा नपरेका हुन् । यसबारे वर्तमान सरकार फस्नु हुँदैन । अपराधीहरू कारबाहीमा नपरेसम्म देशमा भ्रष्टाचार कम हुनेछैन ।

# ढोरपाटनमा दोस्रो यामको सिकार सुरु

गलकोट (बागलुङ), १४ चैत । नेपालको एक मात्र सिकार आरक्ष ढोरपाटनमा अहिले दोस्रो यामको सिकार सुरु भएको छ । ढोरपाटन सिकार आरक्षमा दोस्रो याममा १४ नाउर र १० झारलको सिकार अनुमति दिइएको हो ।

दोस्रो सिकार यामका रूपमा मानिएको फागुनदेखि वैशाखसम्म सिकार खेल्न केही सिकारी ढोरपाटनमा व्यस्त छन् भने केही विदेशी सिकारी नेपाल आउने तयारीमा रहेका ढोरपाटन सिकार आरक्षका रेञ्जर सागर सुवेदीले जानकारी दिनुभयो । उहाँका अनुसार यस वर्षको दोस्रो याममा १३ बनेलको सिकार गर्न अनुमति दिइएको छ ।

ढोरपाटन आरक्षले विभिन्न सिकार ब्लकमा वन्यजन्तु विभागको अनुमतिमा सिकार गर्न दिइएकोमा अहिले ग्लोबल सफारी प्रालिमार्फत आएका अमेरिकी नागरिकले एक नाउर र एक झारल सिकार खेलेर फर्किएका जनाउँदै रेञ्जर सुवेदीले हिमालयन सफारी नेपालमार्फत आएका अमेरिकन र डेनिस नागरिक ढोरपाटन क्षेत्रमा सिकार खेल्न व्यस्त रहेको बताउनुभयो ।

उहाँका अनुसार दोस्रो याममा हिमालयन वाइल्डलाइफ आउट फिटरमार्फत डेनिस नागरिकले एक नाउर, एक झारल र एक बनेल सिकार खेल्न अनुमति पाएका छन् ।

यस्तै ओपन नेपाल वाइल्डलाइफ सफारी एन्ड ट्रेक प्रालिमार्फत अमेरिका, बेल्जियम र फ्रान्सका नागरिकले सुनदह र सेङ ब्लकमा तीन नाउर, दुई झारल र एक बनेल सिकारको अनुमति पाएका छन् । नेपाल ट्राभल एक्पेडिसन प्रालिमार्फत घुस्तुङ ब्लकमा तीन नाउर, तीन झारल र तीन बनेल सिकार खेल्न रसियन, अफ्रिकन र फ्रान्सका नागरिकले सिकार खेल्ने अनुमति पाएसँगै तयारीसहित नेपाल आउन लागेका रेञ्जर सुवेदीले जानकारी दिनुभयो ।

त्यस्तै ग्लोबल सफारिज प्रालिमार्फत सुनदह र दोगाडी ब्लकमा अमेरिका, डेनिस नागरिकले चार नाउर, दुई झारल र चार बनेलको सिकार गर्न अनुमति पाएका छन् भने हिमालयन सफारिज नेपाल प्रालिमार्फत अमेरिकी नागरिकले दुई नाउर, एक झारल र दुई बनेल सिकारको अनुमति पाएकामा एक नाउर र एक झारलको सिकार भइसकेको छ ।

ट्रेक एन्ड देलर्स प्रालिमार्फत स्पेनी नागरिकले एक झारल, एक नाउर र एक बनेल सिकारको अनुमति पाएका सुवेदीले उल्लेख गर्नुभयो ।

पहिलो सिकार याममा एउटै नाउरबाट रु. १९ लाख र झारलबाट १८ लाखसम्म राजस्व सङ्कलन भएको जनाउँदै उहाँले दोस्रो यामका लागि कम मूल्यमा सिकार अनुमति दिइए पनि सिकारी आउनेक्रम जारी रहेकाले सिकारयाम सकिएपछि मात्रै राजस्व सङ्कलनको वास्तविक विवरण आउने बताउनुभयो ।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका अनुसार वर्षको पहिलो सिकारयाम असोज-मङ्सिर र दोस्रो सिकारयाम फागुन-वैशाख गरी दुई चरणमा सिकार हुँदै आएको छ ।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले हरेक सिकारयाममा विद्युतीय बोलपत्र आह्वान गरेर सिकारको कोटा र राजस्व दर निर्धारण गर्दछ । नाउर र झारलको मूल्य, ब्लकको अग्रीम भुक्तानी, अनुपति (लाइसेन्स), हेलिकप्टरलगायत बन्दोबस्तीको सामग्री तयार गर्दा एक जना सिकारीको करिब रु. ३० देखि रु. ३५ लाखसम्म खर्च हुने गरेको रेञ्जर सुवेदीले जानकारी दिनुभयो ।

विदेशी तथा आर्थिक अवस्था सबल भएकाको रोजाइमा पर्दै आएको सिकार खेल्ने अवसर नेपालीले भने पाएका छैनन् । सिकार आरक्षको सुरक्षा विसं २०७३ देखि नेपाली सेनाले गर्दै आएको छ । विसं २०४४ मा स्थापना भएको सिकार आरक्ष पूर्वी रुकुम, बागलुङ र म्याग्दी जिल्लामा फैलिएको छ भने यसको मुख्य कार्यालय बागलुङको ढोरपाटन उपत्यकामा पर्दछ ।

# असावधानीका कारण आगजनीका घटनामा बढोत्तरी

काठमाडौँ, १४ चैत । देशभर एकैदिन १६ स्थानमा आगजनीका घटना भएका छन् । यस्तै, तीन स्थानमा डढेलो लागेको छ । सुक्खा मौसमका कारण देशभर आगजनीका घटनामा वृद्धि भएकाले सचेतना अपनाउन राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले आग्रह गरेको छ ।

प्राधिकरणका अनुसार, चैत १२ गते बिहानदेखि चैत १३ गते बिहानसम्म देशभर २५ विपद्का घटना भएका थिए । विपद्का कारण रु. ७४ लाख सात हजार बराबरको धनमालको क्षति भएको छ ।

घटना विवरणअनुसार, उखुको पात सल्काउँदा, खाना पकाउने क्रममा चुल्होबाट हावाले आगो उडाउँदा आगलागी भएका छन् । ग्यास चुहिएर, वा सलाई खेलाउँदा पनि आगलागी भएको छ । सामान्य सावधानी अपनाउँदा समेत रोकथाम गर्न सकिने भए पनि लापरबाहीका कारण आगलागीका घटनामा वृद्धि भएको विवरणहरूमा देखिन्छ ।

प्राधिकरणका अनुसार, ललितपुर, रुपन्देही र सल्यानका विभिन्न जङ्गलमा डढेलो लागेको थियो । यस्तै, बर्दिया, रुकुम पूर्व, दाङ, रुपन्देही, बाग्लुङ, कास्की, ललितपुर, काभ्रेपलान्चोकका एक एक स्थानमा आगलागीका घटना भएका छन् । रौतहट, मोरङका दुई दुई स्थानमा आगलागीका घटना हुँदा सुनसरी, उदयपुर, सिरहाका एक एक स्थानमा पनि सामान्य सावधानी नअपनाउँदा ठुलो क्षति भएको छ ।

यस्तै, कञ्चनपुरमा सर्पको टोकाइबाट दुई जना घाइते भएका छन् । पदयात्रामा गएका दुई पदयात्रीलाई मुस्ताङमा लेक लागेको छ । पाँचथर, भक्तपुर, नवलपरासी पूर्व र गुल्मीमा भने जनावर आक्रमणका घटना भएका छन् । प्राधिकरणले विपदमा जोगिन पूर्व सावधानी अनपाउन आग्रह गरेको छ । रासस



**चैते धान रोपाइँ :**
तनहुँको म्याग्दे गाउँपालिका-१ गुणादीमा चैते धान रोप्दै किसान । *तस्बिर: कृष्ण न्यौपाने/रासस*

# कुन विदेशी मुद्रा कतिमा कारोबार हुँदै छ आज ?

काठमाडौँ, १४ चैत । नेपाल राष्ट्र बैङ्कले शनिबारका लागि विदेशी मुद्राको विनिमयदर निर्धारण गरेको छ । निर्धारित विनिमयदर ुसार अमेरिकी डलरको मूल्य उच्च बिन्दुमा पुगेको छ । यस्तै, युरोपियन युरो, युके पाउन्ड स्ट्रलिङ, स्वीस फ्रयाङ्क, अस्ट्रेलियन डलर, क्यानेडियन डलर, सिंगापुर डलरलगायत अधिकांश विदेशी मुद्राको भाउ पनि उकालो लागेको छ ।

निर्धारित विनिमयदर अमेरिकी डलर एकको खरिददर १५१ रुपैयाँ ४१ पैसा र बिक्रीदर १५२ रुपैयाँ ०१ पैसा तोकिएको छ । यस्तै, युरोपियन युरो एकको खरिददर १७४ रुपैयाँ ३२ पैसा र बिक्रीदर १७५ रुपैयाँ ०१ पैसा, युके पाउन्ड स्ट्रलिङ एकको खरिददर २०१ रुपैयाँ ४१ पैसा र बिक्रीदर २०२ रुपैयाँ २० पैसा, स्वीस फ्रयाङ्क एकको खरिददर १८९ रुपैयाँ ९२ पैसा र बिक्रीदर १९० रुपैयाँ ६७ पैसा कायम गरिएको छ ।

अस्ट्रेलियन डलर एकको खरिददर १०४ रुपैयाँ ३७ पैसा र बिक्रीदर १०४ रुपैयाँ ७९ पैसा, क्यानेडियन डलर एकको खरिददर १०९ रुपैयाँ ३२ पैसा र बिक्रीदर १०९ रुपैयाँ ७५ पैसा, सिङ्गापुर डलर एकको खरिददर ११७ रुपैयाँ ६४ पैसा र बिक्रीदर ११८ रुपैयाँ १० पैसा तोकिएको छ ।

जापानी येन १० को खरिददर नौ रुपैयाँ ४७ पैसा र बिक्रीदर नौ रुपैयाँ ५१ पैसा, चिनियाँ युआन एकको खरिददर २१ रुपैयाँ ९१ पैसा र बिक्रीदर २१ रुपैयाँ ९९ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ४० रुपैयाँ ३५ पैसा र बिक्रीदर ४० रुपैयाँ ५१ पैसा, कतारी रियाल एकको खरिददर ४१ रुपैयाँ ४४ पैसा र बिक्रीदर ४१ रुपैयाँ ६१ पैसा कायम भएको छ ।

केन्द्रीय बैङ्कका अनुसार थाइ भाट एकको खरिददर चार रुपैयाँ ६० पैसा र बिक्रीदर चार रुपैयाँ ६२ पैसा, यूएई दिराम एकको खरिददर ४१ रुपैयाँ २३ पैसा र बिक्रीदर ४१ रुपैयाँ ३९ पैसा, मलेसियन रिङ्गेट एकको खरिददर ३७ रुपैयाँ ७३ पैसा र बिक्रीदर ३७ रुपैयाँ ८८ पैसा, साउथ कोरियन वन १०० को खरिददर १० रुपैयाँ ०३ पैसा र बिक्रीदर १० रुपैयाँ ०७ पैसा, स्वीडिस क्रोनर एकको खरिददर १६ रुपैयाँ ०५ पैसा र बिक्रीदर १६ रुपैयाँ ११ पैसा र डेनिस क्रोनर एकको खरिददर २३ रुपैयाँ ३३ पैसा र बिक्रीदर २३ रुपैयाँ ४२ पैसा तोकिएको छ ।

राष्ट्र बैङ्कले हङकङ डलर एकको खरिददर १९ रुपैयाँ ३३ पैसा र बिक्रीदर १९ रुपैयाँ ४० पैसा, कुवेती दिनार एकको खरिददर ४९३ रुपैयाँ ७६ पैसा र बिक्रीदर ४९५ रुपैयाँ ७१ पैसा, बहराइन दिनार एकको खरिददर ४०१ रुपैयाँ ५७ पैसा र बिक्रीदर ४०३ रुपैयाँ १६ पैसा, ओमनी रियाल एकको खरिददर ३९३ रुपैयाँ २८ पैसा र बिक्रीदर ३९४ रुपैयाँ ८४ पैसा रहेको छ । यस्तै,भारतीय रुपैयाँ एक सयको खरिददर १६० रुपैयाँ र बिक्रीदर १६० रुपैयाँ १५ पैसा तोकिएको छ ।

राष्ट्र बैङ्कले यो विनिमयदरलाई आवश्यकतानुसार जुनसुकै समयमा पनि संशोधन गर्न सकिने जनाएको छ । वाणिज्य बैङ्कले तोक्ने विनिमयदर भने फरक हुनसक्ने र अद्यावधिक विनिमयदर केन्द्रीय बैङ्कको वेबसाइटमा उपलब्ध हुने जनाइएको छ । रासस

# रानीबासको ऐतिहासिक ‘चमेरे गुफा’ संरक्षणमा स्थानीय सरकार

भोजपुर, १४ चैत । हतुवागढी गाउँपालिका-१ रानीबासमा अवस्थित ऐतिहासिक तथा धार्मिक महत्व बोकेको चमेरे गुफा संरक्षण र प्रवर्द्धनमा स्थानीय सरकार सक्रिय बनेको छ । प्राकृतिक बनावट, ऐतिहासिक पृष्ठभूमि र धार्मिक आस्थासँग जोडिएको यस गुफालाई व्यवस्थित गर्दै पर्यटकीय गन्तव्यका रूपमा विकास गर्ने लक्ष्यसहित वडाले योजनाबद्ध रूपमा काम अघि बढाएको हो ।




ओझेलमा परेको यो स्थानको उजागर गर्दै आन्तरिक तथा बाह्य पर्यटक भित्राउने उद्देश्यले संरक्षण, पहुँच विस्तार र प्रचारप्रसारका कामलाई प्राथमिकतामा राखिएको हो । गुफा आसपासको स्थानको संरक्षण, बाटो व्यवस्थापनलाई एकीकृत रूपमा अगाडि बढाइएको छ ।

वडाको सीमित स्रोतसाधनका बाबजुद पनि हरेक वर्ष थोरै भए पनि बजेट छुट्याएर संरक्षण तथा पूर्वाधार विकासका कामलाई निरन्तरता दिइएको छ । चालु आर्थिक वर्षमा मात्रै रु. ५० हजार बजेट विनियोजन गरिएको छ । “चमेरे गुफा र राज गैया देवीथान हाम्रो वडाको पहिचान र गौरवका विषय हुन् ।

गुफाबाट करिब डेढ किलोमिटर माथि रहेको अर्को ऐतिहासिक स्थल जोरआहाल संखामचुलीसम्म पुग्न सकिने भए पनि २०७२ सालको भूकम्पपछि केही स्थानमा बाटो अवरुद्ध भएको छ ।

यसैगरी, गुफा नजिकै रहेको राज गैया थानमा प्रत्येक वर्ष बैशाखे पूर्णिमाका दिन स्थानीयले भव्य पूजा-आजा गर्ने परम्परा रहँदै आएको छ । धार्मिक आस्था, सांस्कृतिक परम्परा र प्राकृतिक सौन्दर्यको संगम भएकाले यो क्षेत्रलाई विशेष महत्वको रूपमा लिइन्छ । रासस

**हार्दिक समवेदना**




जन्म : १९९० ।०३ ।२७
निधन : २०८२ ।१२ ।०४

यस विद्यालयमा कार्यरत शिक्षक सरिता जोशीकी ममतामयी सासूआमा **गर्गदेवी कर्माचार्य**को ९३ वर्षको उमेरमा दुःखद निधन भएको आज १२ औँ दिनको पुण्यतिथिमा दिवङ्गत आत्माप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौँ ।

**श्री दत्तात्रय आधारभूत विद्यालय परिवार**
तचपाल, भक्तपुर-९

**हार्दिक श्रद्धाञ्जली**



जन्म
ई.सं.१९३३ ।०४ ।१४

निधन
ई.सं.२०२६ ।०३ ।१७

यस विद्यालयकी शिक्षिका रीना क्षेत्रीका पूजनीय पिता **मानबहादुर थापा**को निधन भएको आज १३ औं दिनको पुण्यतिथिमा मृतक आत्माको चिरशान्तिको कामना गर्दै सम्पूर्ण शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौँ ।

**प्रिन्सिपल तथा**
**विद्या विकास आवासीय माध्यमिक विद्यालय परिवार**
जगाती, भक्तपुर

। सम्पादकीय ।

# पुँजीवादी दलालहरूसँग साँठगाँठ गर्नेहरूदेखि सावधान !

सामान्यतया सिद्धान्त र विचार बुझेका नेता, कार्यकर्ता तथा कामदार या बहुमत जनताको सेवा गर्नुपर्छ भन्ने भावनाबाट प्रेरित व्यक्तिहरू दलमा पछि सम्म कार्यरत हुन्छन्; तिनीहरू पार्टी र कार्यकर्ताबिच परिचित हुन्छन् । दलका योग्य नेता तथा कार्यकर्ताहरू देश र जनताका पुँजी हुन् । उनीहरू देश र जनताको पक्षमा राजनीति गर्छन्; राजनीति गरेर जनताको सेवामा जुट्छन् । सैद्धान्तिक स्तर नभएका, राजनीतिक चेतना र संस्कार नभएका र समाजको मूल्य र मान्यता नबुझेका युवाहरूमा जतिसुकै जोश जाँगर भए पनि उनीहरू बिग्रिएका हुन्छन् या समाजको बाटो छोडेका हुन्छन् । राजनीतिक दलको मुख्य काम सरकारको नेतृत्व गर्ने या सरकारमा जाने मात्र होइन । राजनीतिक पृष्ठभूमि नभएका युवाहरू निडर, हक्की देखिए पनि उनीहरू अनेक लोभलालचमा फस्ने धेरै सम्भावना हुन्छ । उनीहरूलाई भाड्ने, बिगार्ने या भ्रष्ट बनाउने चाँजोपाँजो बुनेको हुन्छ । जनताको समस्या नबुझेका सांसदहरूले संसद्मा जनताको समस्या समाधान गर्ने बाटो कसरी खोल्ला भन्ने प्रश्न उठ्नु स्वाभाविक हो ।

सिद्धान्तच्युत र जनताको समस्यै नबुझ्ने सांसदहरूको सरकारले समस्या समाधान गर्न के कस्तो निर्णय गर्ला ? जागिर मिलाउने, ठेक्का लिने, बिचौलिया भएर काम गर्ने, आर्थिक गतिविधिबाट फाइदा लिने नेता र कार्यकर्ताहरूको भरमा देश बन्दैन, विकास हुँदैन । बालेन्द्र साहको नेतृत्वमा रास्वपाको सरकार गठन भएपछि विभिन्न सञ्चारमाध्यममा 'बालेन्द्र साहको नेतृत्वमा शक्तिशाली सरकार', 'देशको बागडोर युवाको काँधमा', 'सिंहदरबारको साँचो बालेनको हातमा' जस्ता शीर्षकमा समाचारहरू छापिए । बालेन्द्र साहको नेतृत्वमा सरकार गठन गर्नु अस्वाभाविक होइन । समाजमा राम्रो र नराम्रो पक्ष हुन्छ । समाजका खराब पात्रहरू पाप र अपराध लुकाउन बढी प्रचार गर्छन् । यसकारण, देश र जनताको हितमा ऐन कानुन बनाउन निर्वाचित सबै सांसदहरू योग्य, दूरदर्शी, असल, सबल, देशभक्त हुनुपर्छ । दुई चार वटा सुधारका कार्य गरेर जनतामाथि शोषण गरिरहन्छ भने त्यो सरकार बहुमत जनताको पक्षमा हुनेछैन ।

नि:स्वार्थ रूपले देश र जनताको सेवामा समर्पित भएर कुनै दलको सरकारले आमूल परिवर्तनको पक्षमा राजनीति गर्छ र सङ्घर्ष गर्छ भने त्यो स्वागतयोग्य नै हुन्छ । आमूल परिवर्तनको निमित गरिएको कुनै दलको अभ्यास या सेवा खेर जानेछैन । निर्वाचित युवा सांसदहरूलाई एक दुई घण्टाको मार्ग निर्देश गरेर उनीहरू सैद्धान्तिक, वैचारिक र राजनीतिक रूपले सुसूचित हुँदैनन्; देश र जनताप्रति जिम्मेवार हुँदैनन् । गाउँ, ठाउँ, बस्ती, सहर बजार, समाजमा नभिजेका, सेवामा नलागेका र राजनीतिक पृष्ठभूमि नभएका सांसदहरूलाई देश र जनताको सेवामा समर्पित हुन उत्साहित गरिरहनु जरुरी छ । देश र जनताप्रति अटल विश्वास गरेर निरन्तर खटिरहेमा समाजको मुहार फेर्न सजिलो हुन्छ । घरको सुख सुविधा छोडेर जनताको सेवा गर्न नसक्ने, अनुशासनमा नबस्ने, व्यक्तिगत इच्छा र हितलाई प्राथमिकता दिने सांसद र कार्यकर्ताहरू अहङ्कार गर्ने, आफूले आफूलाई ठुलो ठान्ने, आफू नेता, मन्त्री र सांसद भनी सेखी गर्ने व्यक्तिहरूले कहिले पनि जनताको विश्वास जित्न सक्दैनन् ।

वर्ग शत्रु नचिन्ने, सामन्त, जमिनदार, प्रतिक्रियावादी, षड्यन्त्रकारी, भ्रष्टाचारी, गुण्डा, अपराधी जो सुकैसँग हाइ हेलो गरेर मित्रता जोड्ने नेता, मन्त्री र सांसदहरूले पनि जनताको विश्वास जित्ने ढङ्गले काम गर्न सक्दैनन् । वर्गशत्रुसँग झुक्ने, पुँजीवादी दलालहरूसँग साँठगाँठ गर्ने अवसरवादीहरूदेखि जनता सावधान हुनुपर्छ । व्यक्तिगत स्वार्थ राखेर पार्टीमा हुलेका लोभीपापीहरू आ-आफ्नो स्वार्थ पूरा भएपछि पलायन हुन्छन् । उनीहरू पदमा छउञ्जेल, पैसामा रजाइँ गर्न पाउञ्जेल टिकिरहन्छन् । रास्वपाबाट निर्वाचित अधिकांश सांसदहरू न राजनीतिक पृष्ठभूमिका छन् न जनताको सेवामा भिजेका हुन् न कुनै विकासको बाटोमा लागेर परिचित भएका हुन् । यसकारण, फागुन २१ गते भएको प्रतिनिधिसभाको नतिजालाई बुद्धिजीवी, लेखक र राजनीतिक विश्लेषकहरूले अस्वाभाविक ठानेका छन् ।

गाउँ ठाउँ, सहर बस्तीका जनताले चिन्दै नचिनेका, नामै नसुनेका व्यक्तिहरू संसद्मा कसरी निर्वाचित भए ? कसैको लहैलहैमा या हवीममा निर्वाचित सांसदहरू कसरी जनताका विश्वास पात्र हुन्छन् ? अपत्यारिलो ढङ्गले सांसदहरू निर्वाचित हुनुको अर्थ रास्वपाको उद्देश्य बुझेर होइन । जनताले पनि रास्वपाको विचार बुझेर र वाचापत्र अध्ययन गरेर मतदान गरेका होइनन् । विगतमा सरकारको नेतृत्व गर्ने दलका नेता, मन्त्री र सांसदहरूप्रति जनताको असन्तोष भएर पनि यो नतिजा आएको विश्लेषण छ । जे-जस्तो कारणले नतिजा आए पनि बहुमत प्राप्त सरकारले देशको नेतृत्व गर्नु स्वाभाविक हो । गठित सरकार बहुमत जनताको पक्षमा ऐन कानुन बनाएर देश र जनताको सेवा गर्नेतर्फ लाग्नु जाती हुनेछ ।

# चीनको नयाँ फड्को : मात्राबाट गुणतिर

✍ जियान्लु बी

चिनियाँ अर्थतन्त्रको चर्चा गर्दा विश्वभरि नै आकारको कथा हालिन्थ्यो । दशकौँदेखि यही भाष्य चल्दै आएको थियो । चीनलाई विश्वको कारखानाको पगरी लगाइन्थ्यो । उसलाई विशाल आकारमा वस्तु निर्यात गर्ने देश मानिन्थ्यो; गगनचुम्बी भवनहरूले मापन गरिन्थ्यो । तर, सन् २०२६ को 'चीन विकास गोष्ठी' (सीडीएफ) का प्रतिनिधिहरूले राजधानी पेइचिङ छोड्दै गर्दा एउटा नयाँ कथा उदाएको छ ।

'पन्ध्र वर्षीय योजना' को झन्डा फहराएर चीनले गहिरो संरचनात्मक बदलावको सङ्केत दिएको छ । जसरी हुन्छ आर्थिक वृद्धि गर्ने युगको समाप्तिसँगै चीनले तीनखम्बे उन्नत वृद्धि मोडल अघि सारेको छ । यो मोडलमा तीन अङ्ग छन् - घरेलु माग, प्रविधिमा आत्मनिर्भरता र आमूल हरित रूपान्तरण ।

यसलाई नीति परिमार्जन भन्न मिल्दैन । यो मौलिक फड्को हो - मात्रात्मक विस्तारबाट गुणमा आधारित स्थायित्व हो । संसार अहिले भूराजनीतिक अस्थिरता र व्यापारिक खण्डीकरणले आहत छ । यस्तो परिवेशमा चीन विश्वको वस्तु आपूर्तिकर्ताबाट विश्वमा स्थिरताको संवाहक बन्न प्रयासरत छ । अनिश्चयको महासागरमा ऊ निश्चयको भरोसा बन्न खोज्दै छ ।

तीनखम्बे नीतिको पहिलो आधारस्तम्भ हो - चिनियाँ उपभोक्ताको उत्थान । धेरै वर्षदेखि अर्थविद्हरूले चीनको उच्च बचत दर र निर्यात निर्भरताबिच असन्तुलत छ; यसले विश्वको स्थिरतामा खतरा ल्याउने तर्क गर्दै आएका छन् । 'चीन विकास गोष्ठी' ले अघि सारेको 'पन्ध्र वर्षीय योजना' ले यो असन्तुलन हल गर्ने लक्ष्य लिएको छ । यसको लागि उसले सेवा उपभोगलाई आफ्नो अर्थतन्त्रको आधारभूत इन्जिन बनाउने नीति तय गरेको छ ।

यो बदलाव गुणात्मक हो । चिनियाँ बजार अब पहिले जस्तो रहेन । आजका मितिमा 'मात्रा' मात्र होइन, 'गुणस्तर' पनि हो चिनियाँ बजार । शिक्षा, स्वास्थ्य र डिजिटल मनोरञ्जनका क्षेत्रमा चीनको 'आधारभूत वस्तु उपभोग' अहिले 'उच्च गुणस्तरीय सेवा उपभोग' मा बदलिएको छ । यसअघि बन्देज लागेका यी क्षेत्रमा बजारको पहुँच विस्तार गरेर चीनले विदेशी हातेमालोको ढोका मात्र खोलेको छैन बरु 'एकीकृत राष्ट्रिय बजार' को निर्माण पनि गर्दै छ ।

घरेलु मागले नै उत्पादनलाई निर्देशित गर्ने सदाचारी चक्रको रचना गर्नु नै 'पन्ध्रवर्षीय योजना' को मूल लक्ष्य हो । राष्ट्रिय बजेटमा सार्वजनिक सेवामा खर्च बढाएर सरकारले नागरिकहरूको भैपरीका लागि गरिने बचत घटाउने लक्ष्य लिएको छ । यसरी, खरबौँ रकमलाई मुक्त पारी तरल बनाउने र आन्तरिक आर्थिक वृद्धि ल्याउने सोच हो यो । यसले बाह्य आर्थिक झट्काविरुद्ध (धनको) आन्तरिक चक्रणको सुरक्षात्मक कवच प्रदान गर्नेछ । (धनको) वैश्विक रोटी बढ्न बन्द भयो भने चीनले आफ्नै रोटी पकाउन सक्नेछ ।

उपभोग इन्जिन हो भने प्रविधि इन्धन हो । चीनको प्राविधिक महत्वाकाङ्क्षा अहिले नक्कलबाट मौलिकता र आत्मनिर्भरतामा बदलिएको छ ।

चीनका भावी उद्योगहरू अहिले क्वान्टम कम्प्युटिङ, ६-जी, ब्रेन-कम्प्युटर इन्टरफेस र शरीरयुक्त कृत्रिम बौद्धिकतामा केन्द्रित भइरहेका छन् । यसबाट चीन अब अरूको पछि लाग्ने खेल खेल्न चाहन्न भन्ने प्रस्ट हुन्छ । अबका पाँच वर्षमा 'स्याओमी कम्पनी' ले प्रविधि र विकासमा १ खर्ब चिनियाँ मुद्रा खर्च गर्ने प्रतिबद्धता जनाएको छ । चीनको निजी क्षेत्र अघि बढ्न कति तत्पर छ भन्ने कुराको प्रमाण हो यो । तर, अलिबाबा कम्पनीका जो त्साइले औँल्याए जस्तै कृत्रिम बौद्धिकतामा चीनको अग्रसरता खालि अलगोरिदममा सीमित छैन । चीनका दुई लक्ष्य छन् - ऊर्जाको विशाल ग्रिडको बलियो जग तयार गर्ने । यसले डाटा सेन्टरको ऊर्जा-भोक शान्त गर्नसक्छ । दोस्रो - औद्योगिक कृत्रिम बौद्धिकतालाई तालिम दिनका लागि आवश्यक पर्ने वास्तविक




डेटा उपलब्ध गराउन सक्ने आधार तयार गर्ने ।

पश्चिमा देशहरूमा व्याप्त 'जोखिम कम गर्ने' भाष्यलाई जवाफको रूपमा चीनको यो 'सिलिकन किल्ला' नीति आएको हो । सेमिकन्डक्टर र अपरेटिङ सिस्टमजस्ता मूल प्रविधिहरूमा उच्चस्तरको आत्मनिर्भरता हासिल गरेर चीनले आपूर्ति शृङ्खलालाई बाह्य राजनीतिक दबाबबाट बचाउन खोज्दै छ । यो अरूबाट अलग्गिने कदम होइन । अक्सफोर्ड विश्वविद्यालयका प्रोफेसर इयान गोल्डिनको भनाइअनुसार चीनको यो कदम विश्वलाई खोज-अनुसन्धानको अर्को पुनर्जागरणकालतर्फ लिएर जाने प्रयत्न हो । यसबाट विश्व मानकको आगामी चरणको सहलेखक अब पेइचिङ हुने उनी बताउँछन् ।

सम्भवत: चीनको नयाँ आर्थिक मोडलको सबैभन्दा नचिताएको पक्ष कार्बनबाट आर्थिक वृद्धिलाई अलग्याउनु हो । (विकास गर्ने) 'हरित' शैली नियममा मात्र सीमित छैन, अब यो प्रतिस्पर्धामा अगाडि बढ्ने कुँजी बनेको छ ।

चीनको नयाँ नीति पाइपबाट निस्किने प्रदूषण नियन्त्रणमा केन्द्रित छैन बरु ऊर्जास्रोत नै बदल्नमा केन्द्रित छ । चीनले सौर्य, वायु र विद्युतीय गाडीको विश्वव्यापी आपूर्ति शृङ्खलामा दबदबा बनाएको छ । अब यो अर्को किल्ला जित्न उद्यत छ । त्यो हो - हाइड्रोजन, न्युक्लियर फ्युजन र ऊर्जा ग्रिडको डिजिटाइजेसन ।

यसमा हङकङको भूमिका निकै महत्त्वपूर्ण हुन आउँछ । उसले उन्नत समन्वयकर्ताको काम गर्नेछ । हरित धितोपत्र जारी गर्दै र दिगो वित्तीय आधार स्थापित गर्दै चीनले यो विशालकाय रूपान्तरणको लागि वित्तीय पूर्वाधार निर्माण गर्ने वित्तमन्त्री पाउल चानले बताए । रूपान्तरणकारी वित्त भनेको यही हो । यसले अर्थतन्त्र धराशायी हुन नदिई उच्च कार्बन उत्सर्जन गर्ने उद्योगधन्दालाई कार्बनमुक्त बनाउन सघाउँदै छ । हरित रूपान्तरणको विश्वव्यापी मागलाई आर्थिक उत्प्रेरणामा फेर्दै चीनले नयाँ बाटोमा हिँड्ने जोखिम मोल्दै छ । यो नयाँ बाटो भन्छ - एक्काइसौँ शताब्दीको सबैभन्दा सफल अर्थतन्त्र त्यही अर्थतन्त्र हुनेछ, जसले अति कम कार्बन उत्सर्जन गरेर अत्याधिक उत्पादन गर्न सक्नेछ ।

निश्चय नै चीनको नयाँ नीतिको बाटोमा समस्याहरू पनि छन् । 'पन्ध्रवर्षीय योजना' ले तीन ठुला समस्याहरू भोग्नुपर्नेछ । ती हुन् - बुढ्यौलीतर्फ उन्मुख जनता, खण्डित अन्तर्राष्ट्रिय व्यापार र भूराजनीतिक बदलावको अनिश्चय ।

ज्ञानमा आधारित अर्थतन्त्रमा रूपान्तरित हुन कृत्रिम बौद्धिकताले पैदा गर्ने चढावहरूमा अभ्यस्त हुने जनशक्ति चाहिन्छ । 'चीन विकास गोष्ठी' ले उच्च योग्यतायुक्त श्रमशक्तिलाई ठुलो महत्त्व दिएको छ । त्यसैले, श्रमशक्तिको उमेर एउटा संरचनात्मक छाया मात्र रहनेछ । साथै, चीनको जनबैङ्कका गभर्नर पान गोङशेनले अन्तर्राष्ट्रिय बजारमा देखिएको भीडको पछि लाग्ने प्रवृत्ति र व्यापारमा देखिएको संरक्षणवादी नीतिले बहुपक्षीय परिदृश्यलाई चुनौती दिने बताए । चीनले यही परिदृश्यमा रहेर आफ्ना हरित समाधानहरू निर्यात गर्नुपर्ने हुन्छ ।

यस्तै 'मध्यम आयको पासो' पर्न सक्ने अर्को चुनौती छ । यसबाट जोगिन चीनले प्राविधिक उन्नतिले ल्याउने धनलाई ग्रामीण कुनाकन्दरासम्म पुऱ्याउनुपर्ने हुन्छ । यो धनलाई शेन्जेन र शाङघाइजस्ता झिलिमिली सहरमा मात्र थुपार्ने होइन । 'गोष्ठी' मा चर्चा गरिएको उच्च गुणस्तरको विकास मोडलले समाजमा स्थिरता नल्याउने र वातावरणलाई स्वस्थ नबनाउने 'जीडीपी' को अङ्कलाई अर्थहीन मान्छ ।

यो वर्षको 'चीन विकास गोष्ठी' को सन्देश स्पष्ट छ - चीनले आफ्नो आर्थिक वंशाणु (डीएनए) लेख्दै छ । चीनको आर्थिक वृद्धिको यो नयाँ मोडलले नयाँ सामाजिक सम्झौताको प्रतिनिधित्व गर्छ । यसले आफ्ना जनतालाई मात्र होइन, विश्व समुदायलाई प्रतिनिधित्व गर्छ ।

विदेशी लगानीकर्ताहरूका लागि स्पष्ट सन्देश छ - चीन सस्तो वस्तु उत्पादन गर्ने कारखानाबाट उच्च मूल्यको वस्तु उपभोग गर्ने बजार र नवप्रवर्तन साझेदार बन्ने क्रममा छ । दक्षिणी गोलार्द्धका देशहरूलाई स्पष्ट सन्देश छ - चीनले विकासको एउटा नमुना अघि सारेको छ, जसले हरित रूपान्तरण र आर्थिक वृद्धिलाई सन्तुलनमा राख्छ । भूराजनीतिक विश्लेषकहरूलाई स्पष्ट सन्देश छ - अस्थिर विश्वमा चीन एक जरुरी र स्थिर सहारा हो ।

***(लेखक पेइचिङमा बसोबास गर्ने पत्रकार तथा अन्तर्राष्ट्रिय मामिलाका विश्लेषक हुन् । उनी अन्तर्राष्ट्रिय राजनीति र सञ्चारमा दखल राख्छन् । उनले अन्तर्राष्ट्रिय सम्बन्धमा विद्यावारिधि गरेका छन् । उनले विश्वका धेरै चर्चित पत्रपत्रिकामा नियमित रूपमा लेख्दै आएका छन् । सम्यक)***

# मई ४ को आन्दोलन

*(चीनको आधुनिक इतिहासबारे जानकारी राख्न चीनको अफिम युद्ध, चीनको ताइपिङ किसान क्रान्ति, दोस्रो अफिम युद्ध, चीनको सुधार आन्दोलन, चीनको सच्चाइ र मेलमिलापको आन्दोलन (बक्सर विद्रोह), चीनको १९११ को क्रान्ति, ४ मई १९१९ को आन्दोलन, चिनियाँ कम्युनिस्ट पार्टीको स्थापना, कोमिनताङ पार्टी र कम्युनिस्ट पार्टीको संयुक्त मोर्चा र सन यात-सेनको मृत्युपछि संयुक्त मोर्चाको विघटन र कोमिनताङको दक्षिणपन्थी पक्षले क्रान्तिलाई विश्वासघात गरेको विषय अध्ययन गर्नु आवश्यक छ ।*

*साम्राज्यवादीहरू र चिनियाँ प्रतिक्रियावादीहरूको गठबन्धनको विरोधमा चीनलाई एक स्वतन्त्र देशको रूपमा उभ्याउन चिनियाँ कम्युनिस्ट पार्टी र मजदुर, किसान, राष्ट्रिय पुँजीपतिवर्ग र अन्य सबै देशभक्तहरूलाई एकगठ गरेर कसरी काम गर्दै गए, के कस्ता विद्रोहहरू भए र योगदान दिए भन्नेबारे जानकारी दिन २०३८ सालको पुस महिनामा काठमाडौँको युवा अध्ययन गोष्ठीले 'चीनका प्रसिद्ध विद्रोहहरू' सम्पादन र प्रकाशन गरेको थियो । सो पुस्तिकामा 'शरद्को बाली काट्ने विद्रोह', '१ अगस्टको नानचाङ विद्रोह', 'नानचाङ विद्रोह र त्यसको ऐतिहासिक महत्त्व', 'क्यान्टन विद्रोह', 'शाङ्घाइका मजदुरहरूको तेस्रो सशस्त्र विद्रोह' र 'क्वाङचाओ विद्रोह' छापिएको थियो । ती लेखहरू 'पेकिङ रिभ्यू' र 'चाइना रिकन्स्ट्रक्सन' बाट उल्था गरिएका थिए । यसबारे जानकारीको निम्ति 'चीनका प्रसिद्ध युद्ध र विद्रोहरू' पुस्तकबाट फेरि साभार गरिएको छ । -सं)*

सन् १९१९ को सुरुमा बेलायत, फ्रान्स, संरा अमेरिका, जापान, इटाली र अरु साम्राज्यवादी देशका प्रतिनिधिहरूले पेरिसमा भेला भई पहिलो विश्वयुद्धमा हात पारेका देशहरूको भागबन्डा गरे । चीनको शानतुङ प्रान्त पहिले जर्मनीको मातहतमा थियो । तर, त्यस भागबन्डामा शानतुङ प्रान्त जापानलाई दिने निर्णय भयो । साम्राज्यवादीहरूको त्यस भागबन्डाले चिनियाँ जनतामा साम्राज्यवादीविरोधी भावना झन् चर्क्यो ।

जापानले एकातिर शानतुङ प्रान्त मात्र होइन, चीनको उत्तर-पूर्वका अन्य भागहरू पनि खोज्दै थियो । बेलायती र अमेरिकी साम्राज्यवादीहरू पनि चीनको व्यापार, कलकारखाना, खानी आदि सबै क्षेत्र कब्जा गर्न खोज्दै थिए । 'युवक' पत्रिकाले साम्राज्यवादीहरूको चीनको भागबन्डाको विरोधमा सङ्घर्ष गर्न युवा - विद्यार्थी र बुद्धिजीवीहरूलाई आह्वान गर्‍यो ।

त्यसैबेला एक रात अमेरिकी सिपाहीहरूले पेचिङका छात्राहरूमाथि छाडा व्यवहार गरे । त्यस घटनाले युवा विद्यार्थीहरूमा भइरहेको साम्राज्यवादविरोधी भावनामा आगोमा घिउ थपेसरह भयो । ४ मई १९१९ मा पेचिङमा विद्यार्थीहरूले साम्राज्यवादको विरोधमा एक ठुलो जुलुस निकाले । 'जापानी दलालहरू निस्किजा' र 'देश बेचुवा मन्त्री मुर्दावाद' जस्ता नाराहरू विद्यार्थीहरूले लगाएका थिए । ३० भन्दा बढी विद्यार्थी पक्राउ परे । विद्यार्थी पक्राउले सङ्घर्ष सेलाउनुको सट्टा झन् चर्कियो ।

पेचिङ विश्वविद्यालयमा हडताल भयो । 'पक्राउ परेका विद्यार्थीहरू रिहा गर' भन्ने नारा लगाउँदै जापानसँगको सन्धिमा सही गर्ने चिनियाँ राजदूतको घरमा जुलुस पुग्यो । प्रदर्शनकारीहरूले राजदूतलाई लात र जुत्ताले सजाय दिए । त्यस घरमा बसेका तीन जापानीहरू भागे तथा थप ३२ जना विद्यार्थीहरू पक्राउ परे । आन्दोलन देशभरि फैलियो, सहरहरूका सबै विद्यालय र कलेजहरू हडताल भए । शाङघाईका मजदुरहरू हडतालमा उत्रे तथा पसलहरू बन्द गरे । चीनमा साम्राज्यवादविरोधी भावना अझ अगाडि बढ्यो । कम्युनिस्ट पार्टीको स्थापना सर्वहारा वर्गको निर्माण र नयाँ सांस्कृतिक आन्दोलनले बुद्धिजीवी समुदाय, विभिन्न देशमा अध्ययन गरिरहेका चिनियाँ युवा-विद्यार्थीहरूमा मार्क्सवाद-लेनिनवाद र अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनको प्रभाव बढ्दै गइरहेको थियो । सोअनुसार कारखानाका मजदुर, कोइलाखानीका मजदुरहरू र विभिन्न प्रान्तका गाउँ-गाउँका किसान जनतामा पनि साम्राज्यवाद र सामन्तवादविरोधी सङ्गठनको विकास हुँदै थियो ।

चीनको विभिन्न प्रान्तका सङ्घर्षशील मजदुर किसान र प्रगतिशील बुद्धिजीवीहरूका प्रतिनिधिहरूको एक गुप्त बैठक २१ जुलाई १९२१ को शाङ्घाईमा भयो । त्यस बैठकले चिनियाँ कम्युनिस्ट पार्टीको विधिवत स्थापना गर्‍यो । पार्टीले चीनका विभिन्न प्रान्तहरूमा मात्रै होइन फ्रान्स, जर्मनी, रुस, जापान आदि देशहरूमा समेत कम्युनिस्ट सङ्गठन गर्ने निधो गर्‍यो । कम्युनिस्ट पार्टीको स्थापनाले देशका विभिन्न प्रान्त, सहर र गाउँ-गाउँमा मजदुर, किसान र खनिज मजदुरहरूको सङ्गठन र सङ्घर्षमा तीव्रता देखा पर्‍यो ।

**कम्युनिस्ट र कोमिनताङको संयुक्त मोर्चा**

एकातिर सन यात सेनको कोमिनताङ पार्टीमा सुधारवादी, संविधानवादी र अन्य अवसरवादी तत्त्वहरू पनि देखिए भने सन यात सेन र उनको क्रान्तिकारी पुँजीवादी पार्टीमा राष्ट्रिय पुँजीपतिवर्ग र मध्यमवर्गको समर्थन पनि थियो । तर, पुँजीपतिवर्गको साम्राज्यवाद र सामन्तवादविरोधी दृढ अडान र त्यसअनुसारको सङ्गठन नहुँदा हरेक विद्रोहहरू असफल हुँदै थियो ।

अर्कोतिर कम्युनिस्ट पार्टी र मजदुर, किसान र सशस्त्र दलहरूको सङ्गठन र प्रभाव बढ्दै थियो । यस्तो अवस्थामा सन् १९२४ मा कम्युनिस्ट पार्टी र कोमिनताङ पार्टीको माझमा संयुक्त मोर्चा बनाई चीनलाई साम्राज्यवादबाट मुक्त गर्ने र सामन्ती जमिनदारहरूबाट किसान जनतालाई शोषणबाट मुक्त गर्ने अठोट गर्‍यो ।

डा. सन यात सेनले त्यसबेला कोमिनताङको तीनवटा सिद्धान्त अघि सारेका थिए-सोभियत रुससँग एकता, चिनियाँ कम्युनिस्ट पार्टीसँग संयुक्त मोर्चा र मजदुर र किसान आन्दोलनको समर्थन !

१२ मार्च १९२५ मा क्यान्सर रोगबाट सन यात सेनको मृत्यु भयो ।

मर्नुभन्दा एकदिन अगाडि उनले सोभियत सङ्घ र सोभियत सङ्घको बोल्शेविक पार्टीको केन्द्रीय समितिलाई पत्र लेखेर दुई देशको सहयोगबारे एक सन्देश पठाएका थिए । ११ मार्च १९२५ मा उनले आफ्नो इच्छापत्रमा लेखे - ४० वर्ष चीनलाई अरू राष्ट्रहरूको दाँजोमा समान र स्वतन्त्र देशको रूपमा उभ्याउन समर्पित गरेँ, सबैको सहयोगले जनतासँग मिलेर क्रान्तिको काम गर्न बाँकी छ । यो काम तपाईंहरूलाई सुम्पन्छु ।

जनवरी १९२६ देखि कम्युनिस्ट र कोमिनताङको क्रान्तिकारी सेना चीनको उत्तरतिर धावा गर्ने अभियानमा लागे । किसानहरूले उत्तरी अभियानमा क्रान्तिकारी सेनालाई बाटो देखाउने, दूतको काम गर्ने, सामान ओसार्ने आदि काम गर्थे । जुलाई, सेप्टेम्बर र अक्टोबरमा क्रमश: चाङशा, हाङकाउ र उहानजस्ता महत्त्वपूर्ण ठाउँहरू कब्जा गर्‍यो र नोभेम्बर १९२६ मा नानचाङ कब्जा गर्‍यो ।

प्रचार, सङ्गठन, जनशक्ति, रसद पुर्‍याउने, गुप्त खबरहरूको आदानप्रदान र समस्याहरू सुल्झाउने उपायहरू सबै कम्युनिस्टहरूले नै गर्थे । मुख्य, मुख्य र गाह्रो काम र ठाउँहरूमा लड्न कम्युनिस्टहरू नै अगाडि थिए । दक्षिणको मोती (पर्ल) नदीदेखि उत्तरको याङसी नदीसम्मका शत्रुहरूलाई हराउने काममा कम्युनिस्टहरू नै अगाडि थिए । तर, सन यात सेनको मृत्युपछि कोमिनताङको नेतृत्व दक्षिणपन्थीहरूको हातमा गयो ।

**क्रान्तिमाथि विश्वासघात**

११ फेब्रुअरी १९२७ को दिन कोमिनताङको दक्षिणपन्थी गुटले एक गुप्त बैठकमा कम्युनिस्टहरूको विरोध गरे तथा ११ मार्चको दिन कम्युनिस्टहरूको कब्जामा रहेको नानचाङको नगरपालिकाको क्रान्तिकारी सङ्गठनलाई च्याङ काई- सेकले भङ्ग गर्न आदेश दियो । २७ मार्चको दिन उसले गुण्डा दलहरू पठाएर नानचाङ नगरपालिकाको क्रान्तिकारी सङ्गठनमाथि हमला गर्न दियो ।


६ अप्रिल १९२७ को दिन च्याङ काइ सेक र वाङ चिङ-वइले कम्युनिस्टहरूमाथि व्यापक हमला गर्ने निर्णय गरे तथा बेलायत, जापान र संरा अमेरिकी साम्राज्यवादीहरू मिलेर जलसेना र तोपेढुङ्गाहरूमार्फत नानचाङमा गोलाबारी गरे । सारा जनता एकातिर थिए र साम्राज्यवादीहरू र दक्षिणपन्थी कोमिनताङ गुट अर्कातिर थिए । घमासान युद्ध भयो । दुवैतिर धेरै हताहत भए ।

१२ अप्रिल १९२७ को दिन च्याङ काइ सेकले शाङ्घाईमा अचानक मजदुर, किसान र कम्युनिस्टहरूमाथि हमला गर्‍यो र ठुलो हत्याकाण्ड मच्चायो ।

**कम्युनिस्ट पार्टीको स्वतन्त्र सङ्घर्ष**

२५ अप्रिल १९२७ को दिन उहानमा चिनियाँ कम्युनिस्ट पार्टीको पाँचौं महाधिवेशन भयो । पार्टी महासचिव चेन तु श्यु राजनैतिक, सैद्धान्तिक र सङ्गठनात्मकरूपले कम्युनिस्ट पार्टीलाई कोमिनताङको सहयोगीमात्र बनाउन चाहन्थे । उनी जमिनदारहरूलाई पनि किसानको पङ्क्तिमा राख्न चाहन्थे र क्रान्तिमा कम्युनिस्ट पार्टीको अगुवाइलाई विरोध गर्थे । तर, माओ त्सेतुङ र अन्य नेताहरू कोमिनताङको पुच्छरवादको विरोध यो पार्टीको स्वतन्त्र अगुवाइ जमिनदार र पुँजीपतिवर्गको विरोधमा किसानहरूको सेना र सशस्त्र वर्गसङ्घर्ष किसानहरूलाई जमिनदारहरूको जग्गा खोसेर भूमि वितरण, शोषक वर्गको पुरानो हैकम समाप्त पार्ने, मजदुरवर्गको हुकुम कायम गर्ने पक्षमा थिए । बैठकले चेन तु को दक्षिणपन्थी नीतिको चर्को आलोचना र विरोध गर्‍यो ।

१८ जुलाई १९२७ को दिन नानचाङ्को नजिकै कम्युनिस्टहरूको एक बैठकले च्याङ् काइ-सेक गुटले संयुक्त मोर्चाको विघटनको घोषणाको विरोधमा विद्रोह गर्ने निधो गरे । त्यसपछि नानचाइ, शाङ्घाई, क्वाङचाओ, क्यान्टन आदि सहर र ठाउँहरूमा विद्रोह गरे । कम्युनिस्ट सरकार स्थापना गर्ने निर्णय ७ अगस्ट १९२७ को दिन हान्कोमा कम्युनिस्ट पार्टीको एक जरुरी बैठक बस्यो । त्यस बैठकमा पाँचवटा कार्य गर्ने निर्णय गरियो । पार्टीलाई कोमिनताङसँग - पूरै अलग्याउने, किसान-मजदुरको क्रान्तिकारी सेना गठन गर्ने, ठुल्ठुला जमिनदारहरूको सम्पत्ति जफत गर्ने, हुनानमा कम्युनिस्ट पार्टीको सरकार स्थापना गर्ने र एक लाल इलाका स्थापना गर्ने ।




**सहायक ग्रन्थहरू**

1) Recollections of THE REVOLUTION OF 1911, WU YUZHANG, AGREAT DEMOCRATIC REVOLUTION OF CHINA. Published by the Foreign Languages Press, 24 Balwanzhuang Road, Beijing, China.
2) A SHORT HISTORY OF CHINA, 1840–1919 by LIN YI, Foreign Languages Press, Peking1965.
3) The Talping Revolution (1851–64), First Edition 1976, Printed in the Peoples Republic of China form ÚHistory of Modern China' series, Shanghai PeopleÚs publishing House.
4) The Reform Movement of 1898
5) The Yi Ho Tuan Movement of 1900, Foreign Languages Press, Peking
6) The Revolution of 191, Foreign Languages Press, Peking, (All were compilled by members of the History Devolopment of Fulan Univer) sity and Shanghai Teachers' University)
7) The Opium War (1840–20)

***स्रोत : चीनका प्रसिद्ध युद्ध र विद्रोहहरू***

# तेलको मूल्यवृद्धिले विश्व अर्थतन्त्रमा ल्याउनेछ ठुलो हलचल

**✍ जोन पावर**


फेब्रुअरी २८ मा संयुक्त राज्य अमेरिका र इजरायलले पहिलोपटक इरानमाथि आक्रमण गरेको केही समयपछि युद्धले तेलको मूल्य प्रतिब्यारेल १०० डलरभन्दा माथि पुर्‍याउन सक्ने विश्लेषकले चेतावनी दिए । अब, युद्ध सुरु भइसकेकाले तीन साताभन्दा कम समयमा बजार पर्यवेक्षकले तेलको मूल्य प्रतिब्यारेल १५० देखि २०० डलर नाघ्ने सम्भावनालाई गम्भीरतापूर्वक विचार गरिरहेका छन् । मार्च ९ मा विश्वव्यापी बेन्चमार्क- 'ब्रेन्ट क्रुड' को मूल्य लगभग प्रतिब्यारेल १२० डलर पुगेको थियो र मार्च १३ देखि १०० को सीमाभन्दा तल झरेको छैन । मार्च १८ मा इरानको साउथ पार्स ग्यास फिल्डमा इजरायली आक्रमण तथा कतार, साउदी अरेबिया र संयुक्त अरब इमिरेट्समा रहेका तेल र ग्यास सुविधामा इरानी हमलाले बुधबार कच्चा तेलको मूल्य प्रतिब्यारेल १०८ डलरभन्दा बढी पुर्‍यायो ।

शान्तिकालमा विश्वव्यापी तेल आपूर्तिको लगभग पाँच भागको एक भागका लागि हर्मुजको जलमार्ग आगामी सातासम्म प्रभावकारी रूपमा बन्द रहेमा मूल्य धेरै माथि जान सक्ने कुरामा विश्लेषकहरू सहमत छन् ।

बहसको एक मात्र वास्तविक बिन्दु कति डलरले वृद्धि हुन्छ भन्ने हो । 'ओमान र दुबईजस्ता मध्यपूर्वी बेन्चमार्कले पहिले नै तेलको मूल्य १५० डलरको सीमा पार गर्न सक्ने जनाएका छन् । तसर्थ, प्रतिब्यारेल २०० डलर पहिले नै दृश्यमा छ,' तेल बजार विश्लेषण प्रदायक 'भान्डा इनसाइट्स' की संस्थापक वन्दना हरिले अलजजिरालाई भनिन् । 'यहाँबाट कच्चा तेल कति माथि जान्छ भन्ने कुरा लगभग पूर्ण रूपमा हर्मुज जलमार्ग कति समय बन्द रहन्छ भन्नेमा निर्भर गर्छ,' बन्दनाले भनिन् । इरानले द्वन्द्वको सुरुमा जलमार्ग बन्द भएको घोषणा गरेपछि र उक्त मार्ग भएर पारवहनको प्रयास गर्ने कुनै पनि जहाजलाई प्रहार गर्ने धम्की दिएपछि त्यहाँ यातायात लगभग बन्द भयो ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले हर्मुज जलमार्ग पुन: खोल्न नौसेनाका पनडुब्बीका लागि अन्तर्राष्ट्रिय समर्थन खोजिरहेका छन् भने केही देश सुरक्षित मार्गका लागि इरानसँग सम्झौता गर्न हतार गरिरहेका छन् । हालका दिनमा मुठीभर जहाजहरू, प्राय: भारतीय, पाकिस्तानी, टर्की र चिनियाँ झन्डा भएका जहाजलाई मात्र पार गर्न अनुमति दिइएको छ ।

देशहरूले अन्तर्राष्ट्रिय ऊर्जा एजेन्सीसँगको समन्वयमा आपत्कालीन भण्डारबाट ४० करोड ब्यारेल तेल निकाल्ने प्रतिबद्धता जनाए पनि जलमार्गबाट ढुवानीमा अवरोध भएमा पूर्ण रूपमा क्षतिपूर्ति पाउँदैनन् ।




विश्वव्यापी बजारले दैनिक लगभग एक करोड ब्यारेलको अभावको सामना गरिरहेको (भण्डारलाई ध्यानमा राख्दा पनि) सिंगापुरस्थित ओसिबिसी ग्रुप रिसर्चले अनुमान गरेको छ । कच्चा तेलको मूल्य चाँडै प्रतिब्यारेल १५० देखि २०० डलर पुग्न 'वुड म्याकेन्जी' विश्लेषकले गत साता भनेका थिए । इरानले पनि प्रतिब्यारेल २०० डलर पुग्ने सम्भावना दर्साएको छ । गत साता मात्र एक सैन्य प्रवक्ताले विश्वले यस्तो वृद्धिका लागि तयार हुनुपर्ने चेतावनी दिएका थिए ।

'यदि बजारले आपूर्तिले माग पूरा गर्नेछ भन्ने विश्वास गर्छ भने रणनीतिक भण्डार र प्रतिस्थापन ब्यारेलले मूल्य स्थिर गर्न सक्छ । तर, यदि हर्मुज हुँदै प्रवाहलाई निरन्तर अवधिका लागि भौतिक रूपमा अवरुद्ध गरियो भने मूल्य १०० डलरभन्दा माथि र २०० नजिक पुग्ने सम्भव छ,' उद्योग प्रकाशन 'रिग्जोन' का अध्यक्ष चाड नोर्भिलले अलजजिरालाई भने । विश्वव्यापी आपूर्तिको ठुलो हिस्सा सम्भावित रूपमा जोखिममा रहेको र आपूर्ति र मागबिचको व्यापक असन्तुलनलाई ध्यानमा राख्दा तेलको मूल्य उक्त बिन्दुमा पुग्ने उनको आकलन छ ।

प्रतिब्यारेल १५० डलर वा सोभन्दा माथिको तेलको मूल्यले विश्व अर्थतन्त्रमा ठुलो भार पर्नेछ । अन्तर्राष्ट्रिय मुद्रा कोषको अनुमान छ कि एक वर्षसम्म निरन्तर तेलको मूल्यमा हुने प्रत्येक १० प्रतिशत वृद्धिले विश्वव्यापी मुद्रास्फीतिमा ०.४ प्रतिशत वृद्धि हुन्छ । २००८ मा विश्वव्यापी वित्तीय सङ्कटको उचाइमा पुग्दा ब्रेन्ट क्रुडको मूल्य प्रतिब्यारेल १४७.५० डलर पुगेको थियो ।

प्रतिब्यारेल २०० डलरमा तेलको मूल्य पुगेमा त्यो 'विश्व अर्थतन्त्रका लागि ठुलो ह्यान्डब्रेक हुने' अक्सफोर्ड विश्वविद्यालयका ऊर्जाविज्ञ अडी इम्सिरोभिकले अलजजिरालाई बताए । उनले मूल्यहरू यस्तो स्तरमा पुग्ने सम्भावना 'पूर्ण रूपमा सम्भव' भएको बताए । 'यसले मुद्रास्फीति र रोजगारीमा असर पार्नेछ । केही अवस्थामा इन्धन मात्र नभई मल, प्लास्टिक र यस्तै सामग्रीको पनि अभाव निम्त्याउनेछ,' उनले अगाडि थपे । लन्डनको मारेक्सकी ऊर्जा बजार विश्लेषक सासा फोसले थप आशावादी दृष्टिकोण प्रस्तुत गरिन्, यद्यपि, २०० डलरको सम्भावना रहेको पनि सङ्केत गरिन् ।

अन्तत: तेलको मूल्य हर्मुजको जलमार्ग हुँदै यातायात पुन: सुरु हुने कुरामा धेरै निर्भर हुनेछ, तर आपूर्ति र मागको नियमले पनि धेरै कुरा निर्धारण गर्नेछ । सामान र सेवाका खरिददारहरूले सामान्यतया मूल्यहरू निश्चित स्तरभन्दा माथि बढेपछि उपभोगमा कटौती गर्न थाल्छन्, जुन घटनालाई माग विनाश भनिन्छ ।

*(जोन पावर अलजजिराका स्तम्भकार हुन् ।)*

***- अलजजिराबाट***



चीनको दक्षिणपश्चिम गुइझोउ प्रान्तको रोंगजियाङ काउन्टीस्थित सानबाओ डोङ गाउँमा आयोजित सामा महोत्सव समारोहमा स्थानीय बासिन्दाहरू सहभागी हुँदै, मार्च २८, २०२६ । सामा डोङ समुदायको प्राचीन मातृसत्तात्मक समाजकी एक वीराङ्गनाको नाम हो । सामा महोत्सव, जसलाई २००६ मा राष्ट्रिय अमूर्त सांस्कृतिक सम्पदाको रूपमा सूचीकृत गरिएको थियो, यो महोत्सव आफ्ना पूर्वजहरूको सम्झनामा मनाइन्छ । *(तस्बिर: वेई गुइजिन/सिन्हुवा)*

# मध्यपूर्व द्वन्द्वको वैश्विक असर, अर्थतन्त्रमा दबाब

पेरिस, १४ चैत (एएफपी) । मध्यपूर्वमा जारी युद्धले विश्व अर्थतन्त्रमा गहिरो र बहुआयामिक असर पारेको छ । थाइल्यान्डले इरान सँग हर्मुज जलडमरूमध्य हुँदै आफ्ना तेल ट्याङ्करहरू सुरक्षित रूपमा सञ्चालन गर्न सहमति गरेको छ, जसले इन्धन आपूर्ति अवरुद्ध हुने चिन्ता केही हदसम्म कम गरेको छ । तर, यही जलमार्गमा इरानले केही जहाजहरू फिर्ता पठाएको बताएको छ, विशेषगरी अमेरिका-इजरायललाई सहयोग गर्ने देशसँग सम्बन्धित जहाजहरूलाई लक्षित गर्दै गरेकोले विश्व व्यापार र ऊर्जा आपूर्तिमा अनिश्चितता थप बढेको छ ।

यसैबिच, संयुक्त अरब इमिरेट्सको अबु धाबीस्थित औद्योगिक क्षेत्रमा मिसाइल र ड्रोन आक्रमणपछि आगलागी हुँदा कम्तीमा पाँच जना घाइते भएका छन् । कुवेतको मुख्य व्यापारिक बन्दरगाह शुवैखमा पनि ड्रोन आक्रमणबाट भौतिक क्षति पुगेको छ । यद्यपि, मानवीय क्षति भने नभएको बताइएको छ । यी घटनाहरूले खाडी क्षेत्रका प्रमुख ऊर्जा र व्यापारिक केन्द्रहरू असुरक्षित बन्दै गएको सङ्केत दिएका छन् ।

युद्धको प्रत्यक्ष प्रभाव विश्व ऊर्जा बजारमा देखिएको छ । तेलको मूल्य तीव्र रूपमा बढेको छ, किनकि लगानीकर्ताहरूले द्वन्द्व चाँडै अन्त्य हुने आशा गुमाउँदै गएका छन् । यसको असर सेयर बजारमा पनि परेको छ, जहाँ प्रमुख बजार सूचकहरू लगातार घटिरहेका छन् र लगानीकर्तामा अनिश्चितता बढेको छ । स्पेनको केन्द्रीय बैङ्कले अर्थतन्त्रमा 'उल्लेखनीय मन्दी' आउन सक्ने चेतावनी दिएको छ, साथै वित्तीय बजारमा अस्थिरता देखिन सक्ने सङ्केत गरेको छ । त्यहाँ इन्धन र ताप ऊर्जाको मूल्य बढ्दा मुद्रास्फीति पनि बढेको छ ।

इरानमा भने युद्धका कारण डिजिटल मुद्राको प्रयोग उल्लेखनीय रूपमा बढेको छ । विज्ञहरूका अनुसार यसलाई अन्तर्राष्ट्रिय प्रतिबन्धहरू छल्न र बढ्दो महँगीबाट जोगिन वैकल्पिक वित्तीय माध्यमका रूपमा प्रयोग गरिएको छ । उता, हवाई उडान क्षेत्रमा सुरुवाती दिनको तुलनामा उडान रद्द हुने दर घटे पनि कुल उडान सङ्ख्या अझै कम छ, जसले पर्यटन र व्यापारिक यात्रामा असर पारिरहेको छ ।

ऊर्जा सङ्कट अझ गहिरिँदै जाँदा जर्मनीले आवश्यक परे कोइला-आधारित विद्युत् उत्पादनलाई अपेक्षाभन्दा लामो समयसम्म सञ्चालनमा राख्न सक्ने सङ्केत दिएको छ । इजिप्टले ऊर्जा खर्च नियन्त्रण गर्न पसल, रेस्टुरेन्ट र किनमेल केन्द्रहरूलाई राति ९ बजेपछि बन्द गर्न निर्देशन दिएको छ । इथियोपियामा पेट्रोल अभावका कारण मानिसहरू घण्टौं लामो लाइनमा बस्न बाध्य भएका छन्, कतिपयले त गाडीमै रात बिताएका छन् ।

यसैगरी, केन्यामा हजारौं टन चिया मुख्य बन्दरगाहमै अड्किएको छ, जसले निर्यात व्यापारमा ठुलो असर पारेको छ । समग्रमा, मध्यपूर्व युद्धले ऊर्जा आपूर्ति, अन्तर्राष्ट्रिय व्यापार, वित्तीय बजार, यातायात र दैनिक उपभोग्य वस्तुहरूको मूल्यमा व्यापक प्रभाव पार्दै विश्व अर्थतन्त्रमा अस्थिरता र अनिश्चितता बढाएको स्पष्ट देखिन्छ ।

# मेक्सिकोमा हराएका एक लाख ३० हजारमध्ये करिब ४० हजार अझै जीवित ?

मेक्सिको, १४ चैत (सिन्हवा) । मेक्सिको सरकारले मार्च २८ मा नयाँ प्रतिवेदन जारी गर्दै एक लाख ३० हजार हराएका व्यक्तिहरूमध्ये करिब ४० हजार ३६७ जनामा अझै जीवित हुने सङ्केत भेटिएको जनाएको छ ।

सरकारले भ्याक्सिनेसन अभिलेख, जन्म/विवाह दर्ता, कर अभिलेखजस्ता स्रोतहरूसँग मिलाएर ती व्यक्तिहरूको गतिविधि पत्ता लगाएको बताएको छ भने पाँच हजार २६९ जनालाई फेला पारेर 'फेला परेका' भनेर मार्क गरिएको छ । सुरक्षा अधिकारी मार्केला फिगुएरोआले कतिपय हराउने घटनालाई 'स्वैच्छिक अनुपस्थिति' को रूपमा व्याख्या गर्नुभएको छ । तर खोजी समूहका अगुवा हेक्तोर फ्लोरेसले सरकारले तथ्याङ्कलाई भ्रामक ढङ्गले प्रस्तुत गरेको र वास्तविक समस्या लुकाउने प्रयास गरेको आरोप लगाउनुभएको छ ।

प्रतिवेदन अनुसार करिब ४६ हजार (३६ प्रतिशत) हराएका व्यक्तिहरूको अभिलेख अपूर्ण छ र ४३ हजार १२८ ( ३३ प्रतिशत) का नाममा कुनै गतिविधि छैन, जसमा १० प्रतिशतभन्दा कम मात्र आपराधिक अनुसन्धानमा छन् ।

मेक्सिकोमा हराउने घटनाहरू कर्तेल हिंसा र द्वन्द्वसँग जोडिएका छन्, कतिपय अवस्थामा राज्य निकायको संलग्नता समेत देखिएको छ । मानव अधिकार समूहहरूले भने सरकारले आफ्नो जिम्मेवारी कम गरेको र पारिवारिक खोजीलाई अझ कठिन बनाएको बताएका छन्, जसले परिवारहरूलाई आफैँ खोजी गर्न बाध्य बनाएको छ ।

# होर्मुज क्षेत्रमा मानवीय सहायता सुनिश्चित गर्न संयुक्त राष्ट्र सक्रिय

संयुक्त राष्ट्र, १४ चैत (सिन्हवा) । संयुक्त राष्ट्रका महासचिव एन्टोनियो गुटेरेसले मध्यपूर्वमा बढ्दो द्वन्द्वका बिच होर्मुज जलडमरु क्षेत्रमा मानवीय आवश्यकताहरू पूरा गर्न प्राविधिक संयन्त्र विकास गर्न एक कार्यदल गठन गर्नुभएको छ ।

उहाँका प्रवक्ताले जानकारी दिएअनुसार, मध्यपूर्वमा जारी द्वन्द्वका कारण होर्मुज जलडमरु हुँदै हुने समुद्री व्यापारमा अवरोध आउँदा आगामी महिनाहरूमा मानवीय सहायता र कृषि उत्पादनमा गम्भीर असर पर्न सक्ने जोखिम बढेको छ ।

महासचिव गुटेरेसले द्वन्द्वको दिगो समाधानका लागि प्रयास जारी राख्ने प्रतिबद्धता जनाउँदै तत्काल समुद्री चुनौती समाधान गर्न आवश्यक देखेर कार्यदल गठन गरिएको बताउनुभएको छ । यस कार्यदलले जलडमरु क्षेत्रमा जहाजहरूको सुरक्षाका उपायहरू खोज्नेछ ।

नयाँ संयन्त्रमार्फत मल तथा त्यससँग सम्बन्धित कच्चा पदार्थको व्यापार सहज बनाउने लक्ष्य राखिएको छ । यो संयन्त्र सम्बन्धित सदस्य राष्ट्रहरूसँग समन्वय गरी राष्ट्रिय सार्वभौमिकता र अन्तर्राष्ट्रिय कानुनी मापदण्डको पूर्ण सम्मानका साथ सञ्चालन गरिनेछ । यसैबिच, स्वास्थ्य क्षेत्रमा काम गर्ने अन्तर्राष्ट्रिय निकायका अनुसार दुबईबाट पठाइने राहत सामग्री पुनः नियमित बन्दै गएको छ ।

मध्यपूर्वमा इजरायल र लेबनानस्थित हिजबुल्लाहबिचको लडाइँ तीव्र बन्दै जाँदा चिन्ता बढेको छ । लेबनानमा करिब १० लाखभन्दा बढी मानिस विस्थापित भएका छन्, जुन त्यहाँको कुल जनसङ्ख्याको करिब पाँचौं हिस्सा हो । बालबालिकाहरू विशेष रूपमा प्रभावित भएका छन्, दैनिक करिब १९ हजार बालबालिका विस्थापित भइरहेका छन् ।

शान्ति स्थापनामा खटिएका संयुक्त राष्ट्रका सैनिकहरूको सुरक्षा अवस्था पनि कमजोर बन्दै गएको छ । हालै सीमावर्ती क्षेत्रमा ठुलो सङ्ख्यामा आक्रमणका गतिविधिहरू देखिएका छन् ।

प्रवक्ताले हिजबुल्लाहलाई इजरायलमाथि आक्रमण रोक्न र इजरायललाई लेबनानमा हुने सैन्य कारबाही रोक्न आग्रह गर्नुभयो, किनभने यसले सर्वसाधारणलाई सबैभन्दा बढी असर पारिरहेको छ ।

पश्चिम किनार क्षेत्रमा पनि हिंसा जारी छ । केही स्थानमा नागरिकको ज्यान गएको छ भने बसोबास क्षेत्रहरूमा आक्रमण र क्षति बढेको छ । हालैका महिनाहरूमा यस्ता घटनाका कारण हजारौं मानिस विस्थापित भएका छन् ।

गाजा क्षेत्रमा राहत वितरण जारी रहे पनि पहुँचमा अवरोध, आपूर्ति श्रृङ्खलामा समस्या र निरन्तर आक्रमणका कारण चुनौतीहरू कायम छन् ।

## विश्व सङ्क्षेप

# रुस–इरानबिच सैन्य प्रविधि सहकार्य तीव्र

लन्डन, १४ चैत (एपी) । रुसले युक्रेन युद्धमा प्रयोग गरिएका उन्नत प्रविधियुक्त ड्रोनहरू इरानतर्फ पठाइरहेको विभिन्न अमेरिकी र युरोपेली अधिकारीहरूले बताएका छन् ।

रिपोर्टअनुसार, इरानले सुरुमा रुसलाई उपलब्ध गराएको ड्रोन प्रविधिलाई रुसले युक्रेन युद्धका क्रममा थप सुधार गरेको छ । अहिले ती सुधारिएका ड्रोनहरू फेरि इरानतर्फ पठाइँदै छन् ।

ती ड्रोनहरूमा उन्नत मार्गनिर्देशन प्रणाली, क्यामेरा, विद्युतीय अवरोध पार गर्ने क्षमता तथा कृत्रिम बुद्धिमत्तामा आधारित सञ्चालन प्रणालीजस्ता विशेषता थपिएका छन्, जसले तिनीहरूलाई अझ प्रभावकारी बनाएको छ ।

अधिकारीहरूका अनुसार यस महिनामा रुस र इरानबिच ड्रोन हस्तान्तरणबारे सक्रिय छलफल भएको थियो । यद्यपि कति सङ्ख्यामा ड्रोन पठाइयो वा यो एकपटकको आपूर्ति हो कि निरन्तर हुने हो भन्ने स्पष्ट छैन ।

यसैबिच, इरानले पछिल्लो समय मध्यपूर्व क्षेत्रमा विभिन्न स्थानमा ड्रोन आक्रमण तीव्र बनाएको छ । उन्नत ड्रोनको प्रयोगले अमेरिका र उसका सहयोगी राष्ट्रहरूका लागि ती आक्रमण रोक्न थप चुनौती सिर्जना गर्न सक्ने बताइएको छ ।

रुस र इरानबिच सैन्य तथा प्रविधिगत सहकार्य पछिल्ला वर्षहरूमा बढ्दै गएको छ । युक्रेन युद्धपछि रुसले इरानी ड्रोन व्यापक रूपमा प्रयोग गरेको थियो भने अहिले दुवै देशबिच प्रविधि आदानप्रदान अझ गहिरिएको देखिएको छ ।

# हिमपातका कारण बोस्नियाको उत्तरपश्चिम क्षेत्रमा ५० हजार मानिस अन्धकारमा

साराजेभो, १४ चैत (सिन्हवा) । भारी हिमपात र विद्युत् संरचनामा गम्भीर क्षति पुगेपछि बोस्निया तथा हर्जेगोभिनाको उत्तरपश्चिमी उना-साना क्षेत्रमा करिब ५० हजार उपभोक्ता विद्युत् सेवाबाट वञ्चित भएका छन् ।

स्थानीय अधिकारीहरूका अनुसार सबैभन्दा बढी समस्या बिहाच र काजिन सहरहरूमा देखिएको छ, जहाँ वितरण सञ्जालमा ठुलो सङ्ख्यामा अवरोध उत्पन्न भएको छ ।

भारी र भिजेको हिमपातका कारण विद्युत् संरचनामा अत्यधिक दबाब परेको छ, जसले प्रसारण र वितरण लाइनहरूमा यान्त्रिक क्षति र अवरोध निम्त्याएको छ । विद्युत् कार्यालयका अनुसार तारहरू तन्किने, टुट्ने र आपसमा बेरिने समस्या देखिएको छ भने हिमको तौलका कारण कङ्क्रीट र फलामका खम्बाहरू पनि क्षतिग्रस्त भएका छन् । साथै रुख ढल्दा र हाँगाहरू भाँचिँदा थप समस्या सिर्जना भएको छ ।

कडा मौसम र विद्युत् अवरोधका कारण क्षेत्रका प्राथमिक विद्यालयहरू बन्द गरिएका छन् । अधिकारीहरूले अधिकांश समस्या साँझसम्म समाधान हुने अपेक्षा गरे पनि पूर्ण रूपमा विद्युत् आपूर्ति पुनःस्थापना हुन भने अझ समय लाग्न सक्ने बताएका छन् ।

# इरानका संवेदनशील क्षेत्रमा आक्रमण, तर जोखिम न्यून

भियना, १४ चैत (सिन्हवा) । अन्तर्राष्ट्रिय आणविक ऊर्जा निकायका अनुसार इरानका खोनदाब र खुजेस्तानस्थित संयन्त्रहरूमा भएको आक्रमणपछि कुनै पनि विकिरण जोखिम देखिएको छैन । निकायले इरानको जानकारीअनुसार केन्द्रीय क्षेत्रमा रहेको खोनदाबको भारी पानी उत्पादन केन्द्रमा आक्रमण भएको थियो । उक्त केन्द्रमा घोषणा गरिएको कुनै आणविक सामग्री नभएको र त्यहाँबाट कुनै विकिरण जोखिम नदेखिएको बताइएको छ ।

त्यस्तै, खुजेस्तान प्रान्तमा रहेको इस्पात उत्पादन गर्ने उद्योगमा पनि आक्रमण भएको जानकारी दिइएको छ । उक्त उद्योगमा औद्योगिक मापनका लागि बन्द रेडियोधर्मी स्रोतहरू प्रयोग गरिन्छ । निकायले उक्त स्थानबाट बाहिर कुनै विकिरण फैलिएको पुष्टि नभएको जनाएको छ ।

यी आक्रमणहरू फागुन १६ गतेदेखि सुरु भएको अमेरिका-इजरायल-इरानबिचको करिब एक महिनादेखि जारी द्वन्द्वका क्रममा भएका हुन् । हालसम्म ती पक्षहरूबिच भीषण सङ्घर्ष जारी रहे पनि युद्धविरामतर्फ कुनै ठोस प्रगति भएको छैन ।

# मध्यपूर्व वार्ताको मध्यस्थता गर्दै पाकिस्तान

पाकिस्तान, १४ चैत (एएफपी) । पाकिस्तानले मध्य पूर्वको युद्ध समाधानार्थ वार्ताको लागि साउदी अरेबिया, टर्की र इजिप्टका विदेश मन्त्रीहरू इस्लामाबादमा आउने तयारी भएको जनाइएको छ । पाकिस्तानी विदेशमन्त्री इशाक दारले आफ्ना समकक्षीहरूलाई आमन्त्रित गर्नुभएको थियो भने उनीहरू आइतबार र सोमबार पाकिस्तानी राजधानीमा हुने बताइएको छ ।

भ्रमणको क्रममा विदेश मन्त्रीहरूले यस क्षेत्रमा तनाव कम गर्ने प्रयाससहित विभिन्न विषयमा गहन छलफल गर्ने विदेश मन्त्रालयले विज्ञप्तिमार्फत जनाएको छ । विदेश मन्त्रीहरूले पाकिस्तानका प्रधानमन्त्री शाहबाज सरिफलाई पनि भेट्ने कार्यक्रम रहेको बताइएको छ ।

विदेश मन्त्रालयको स्रोतले यस अघि सोमबार बहु-पक्षीय बैठक हुने र प्रतिनिधिमण्डल आइतबार साँझसम्म पाकिस्तान पुग्ने अपेक्षा गरेको जनाएको थियो । द्वन्द्व बढ्दै जाँदा इरान र संयुक्त राज्य अमेरिकाबिच एक प्रमुख सहयोगीको रूपमा देखा पाकिस्तान परेको छ, जसले दुई पक्षबिचको सन्देशका लागि मध्यस्थताको रूपमा काम गरिरहेको छ ।

# राजनीतिक कार्यकर्ताहरूले कानुनी लडाइँहरूप्रति बेवास्ता गर्दै कठोरतम सजायलाई पनि निडरताका साथ सहनुपर्छ

भारतको स्वतन्त्रता सङ्ग्राममा भगत सिंह र उनका साथीहरूले 'हिन्दुस्तान सोसलिस्ट रिपब्लिकन एसोसिएसन' (HSRA) मार्फत सशस्त्र क्रान्तिको बाटो रोज्दै बेलायती साम्राज्यको जग हल्लाइदिएका थिए। सन् १९२९ मा ब्रिटिस भारतको केन्द्रीय एसेम्बलीमा बम प्रहार गरेर उनीहरूले "अङ्ग्रेजहरूलाई आफ्नो आवाज सुनाउन ठुलो धमाकाको आवश्यकता पर्छ" भन्ने सन्देश दिए। उनीहरूको बलिदानले भारतीय युवाहरूमा अभूतपूर्व राष्ट्रियताको भावना जागृत गराएको थियो।

गान्धीजीको अहिंसक आन्दोलनसँग उनीहरूको मुख्य विमति 'साधन' र 'साध्य' मा थियो। गान्धीजी पूर्ण अहिंसा र सत्याग्रहमा विश्वास गर्थे र त्यसैको माध्यमबाट अङ्ग्रेजहरूलाई धपाउन सकिन्छ भन्ने सोच्थे। त्यसको ठीक विपरीत भगत सिंहहरू साम्राज्यवादी दमनको जवाफ क्रान्तिकारी हिंसा र प्रतिकारले नै दिनुपर्छ भन्ने मान्यता राख्थे। अहिंसाले मात्र स्वतन्त्रता प्राप्त नहुने र क्रान्तिको माध्यमबाट समाजमा आमूल परिवर्तन (समाजवाद) ल्याउनुपर्ने उनीहरूको धारणा थियो। गान्धीजीले साउन्डर्स हत्या र एसेम्बली बमकाण्ड जस्ता 'हिंसात्मक' कार्यको विरोध गरेका थिए। कतिसम्म भनिन्छ भने, गान्धीले चाहेको भए भगत सिंहहरूलाई फाँसीको सजायबाट बचाउन सक्थे तर उनले त्यसो गरेनन्। वास्तवमा, भारतीय स्वतन्त्रता सङ्ग्राममा यी दुई फरक तर शक्तिशाली विचारधाराबिच सधैँ एउटा वैचारिक खाडल र द्वन्द्व रहिरह्यो।


भगतसिंहरू विरुद्धको मुद्दा अन्तिम चरणमा रहेको बेला भगत सिंहका बुबा सरदार किशन सिंहले मुद्दा हेर्ने ट्रिब्युनलसमक्ष एउटा लिखित निवेदन पेस गरे। उक्त पत्रमा भगत सिंहहरू निर्दोष रहेको र साउन्डर्सको हत्यामा उनको कुनै संलग्नता नभएको प्रमाणित गर्ने अनेकौं तथ्यहरू रहेको उल्लेख गरिएको थियो। उनले आफ्नो छोरालाई निर्दोष साबित गर्ने अवसर दिइयोस् भनी अनुरोध पनि गरेका थिए। उक्त कुरा थाहा पाएपछि क्षुब्ध बनेका भगत सिंहले आफ्ना बुबाको उक्त कदमको विरोध गर्दै एक कडा पत्र लेखेका थिए।

यहाँ हामीले भगत सिंहले जेलबाट आफ्ना पितालाई लेखेको सोही पत्रको नेपाली अनुवाद प्रस्तुत गरेका छौं। यस पत्रले भगत सिंहको क्रान्तिकारी चेतनाको उच्चतम रूपलाई छर्लङ्ग पारिदिन्छ।

**पूजनीय बुबा,**

मेरो प्रतिरक्षाका सम्बन्धमा तपाईंले विशेष ट्रिब्युनलका सदस्यहरूलाई निवेदन दिनुभएको कुरा थाहा पाउँदा म स्तब्ध भएको छु। यो खबर मेरो लागि यति कडा प्रहार साबित भयो कि यसलाई धैर्यताका साथ सहनु मेरो लागि असम्भव भएको छ र यसले मेरो मानसिक सन्तुलन नै बिथोलेको छ। यो अवस्था र यस्तो घडीमा तपाईंले कसरी यस्तो निवेदन दिनु उचित ठान्नुभयो, त्यो मैले बुझ्न सकेको छैन। एक पिताका तमाम भावना र संवेदनाका बाबजुद पनि, मसँग परामर्श नै नगरी मेरो तर्फबाट यस्तो कदम चाल्ने अधिकार तपाईंलाई थियो जस्तो मलाई लाग्दैन। राजनीतिक क्षेत्रमा मेरा विचारहरू सधैँ तपाईंका भन्दा भिन्न रहेका छन् र मैले सधैँ तपाईंको स्वीकृति वा अस्वीकृतिको पर्वाह नगरी स्वतन्त्र रूपमा काम गर्दै आएको छु भन्ने तपाईंलाई राम्ररी नै थाहा छ।

मलाई आशा छ- सुरुदेखि नै तपाईं मलाई मेरो मुद्दा गम्भीरतापूर्वक लड्न र उचित ढङ्गले आफ्नो बचाउ गर्न मनाउने कोसिस गरिरहनुभएको थियो भन्ने कुरा तपाईंले स्मरण गर्नुहुनेछ। तर तपाईंलाई म सधैँ यसको विरुद्धमा थिएँ भन्ने पनि थाहा छ। आफ्नो प्रतिरक्षा गर्ने मेरो कहिल्यै कुनै इच्छा रहेन र न त मैले कहिल्यै यस बारेमा गम्भीरतापूर्वक सोचेँ। मेरो यो अडान एउटा अस्पष्ट विचारधारा मात्र थियो वा मेरो स्थितिलाई न्यायोचित ठहऱ्याउने मसँग ठोस तर्कहरू थिए, त्यो बेग्लै प्रश्न हो र यहाँ त्यसबारेमा छलफल गर्न सकिँदैन।



यस मुद्दाको सुनुवाइमा हामीले एउटा निश्चित नीति अवलम्बन गर्दै आएका छौँ भन्ने तपाईंलाई राम्ररी थाहा छ। मेरो प्रत्येक कदम मेरो सिद्धान्त, कार्यक्रम र सोही नीतिसँग सुसङ्गत हुनुपर्दछ भन्ने मेरो दृढ मान्यता हो। वर्तमान परिस्थितिहरू पूर्णतया फरक छन्, तर अवस्था अर्कै हुन्थ्यो भने पनि म आफ्नो बचाउमा उत्रिने अन्तिम व्यक्ति हुने थिएँ। यस सम्पूर्ण सुनुवाइको दौरानमा मेरो मनमा एउटै मात्र विचार थियो- हामीमाथि लगाइएका आरोपहरूको प्रकृति जतिसुकै गम्भीर किन नहोस्, यस प्रक्रियाप्रति पूर्ण उदासीनता प्रकट गर्ने। सधैँ मेरो मत सबै राजनीतिक कार्यकर्ताहरूले अदालतका कानुनी लडाइँहरूप्रति बेवास्ता गर्दै आफूमाथि थोपरिने कठोरतम सजायलाई पनि निडरताका साथ सहनुपर्छ भन्ने रहेको छ। उनीहरूले आफ्नो प्रतिरक्षा गर्छन् भने पनि, त्यो विशुद्ध राजनीतिक दृष्टिकोणबाट निर्देशित हुनुपर्छ, व्यक्तिगत स्वार्थबाट कदापि होइन। यस मुद्दामा हाम्रो नीति सधैँ यही सिद्धान्तमा अडिग रहेको छ; हामी यसमा सफल भयौँ वा भएनौँ, त्यसको निर्णय गर्ने अधिकार मेरो होइन, तर हामीले सधैँ नि:स्वार्थ भावले आफ्नो कर्तव्यपालना गरिरह्यौँ।

लाहोर षडयन्त्र केस अध्यादेशको पाठसँगै जारी गरिएको विज्ञप्तिमा भाइसरोयले यस मुद्दाका अभियुक्तहरूले कानुन र न्याय दुवैको मानमर्दन गर्न खोजिरहेको उल्लेख गरेका थिए। यो परिस्थिति हाम्रा लागि जनतालाई वास्तविकता देखाउने एउटा अवसर थियो कि हामीले कानुनको अपमान गर्न खोजिरहेका थियौँ वा अरू कसैले यसो गरिरहेको थियो। यस विषयमा मानिसहरू हामीसँग असहमत हुन सक्छन् र सायद तपाईं पनि तीमध्ये एक हुनुहुन्छ होला। तर त्यसको अर्थ मेरो सहमति वा जानकारीबिना नै मेरो तर्फबाट यस्ता कदमहरू चालियोस् भन्ने कदापि होइन। मेरो जीवन तपाईंले सोचेजस्तो त्यति बहुमूल्य छैन, कम्तीमा मेरा लागि त पक्कै होइन। आफ्ना सिद्धान्तहरूको बलि चढाएर यसलाई जोगाउनु मेरो दृष्टिमा कत्ति पनि उचित छैन। मसँगै अन्य साथीहरू पनि हुनुहुन्छ जसको मुद्दा मेरोजत्तिकै गम्भीर छ। हामीले एउटा साझा नीति अङ्गालेका छौँ र हामी अन्त्यसम्म यसमा अडिग रहनेछौँ, चाहे यसका लागि व्यक्तिगत रूपमा हामीले जतिसुकै ठुलो मूल्य नै किन चुकाउनु नपरोस्।

बुवा, म निकै अलमलमा परेको छु। तपाईंको यस कदमको आलोचना वा भनौँ निन्दा गर्दा कतै मैले शिष्टाचारको सामान्य मर्यादा भुलेर मेरो भाषा अलि कठोर हुने त होइन भन्ने डर मलाई लागिरहेको छ। मलाई प्रष्ट रूपमा भन्न दिनुहोस्, मलाई यस्तो महसुस भइरहेको छ कि मेरो पिठ्युँमा छुरा प्रहार गरिएको छ। यदि यो काम अरू कसैले गरेको भए म त्यसलाई विश्वासघातभन्दा कम ठान्ने थिइनँ, तर तपाईंको हकमा भने म यसलाई एक कमजोरीमात्र भन्न चाहन्छु- तर यस्तो कमजोरी, जुन निकै निकृष्ट प्रकारको छ।

यो यस्तो समय थियो जहाँ सबैको साहस र धैर्यको परीक्षा भइरहेको थियो। बुवा, मलाई भन्न दिनुहोस्, तपाईं यस परीक्षामा असफल हुनुभएको छ। मलाई थाहा छ तपाईं एक सच्चा देशभक्त हुनुहुन्छ र तपाईंले आफ्नो सम्पूर्ण जीवन भारतीय स्वतन्त्रताको पक्षमा समर्पित गर्नुभएको छ, तर यो निर्णायक घडीमा तपाईंले किन यस्तो कमजोरी प्रदर्शन गर्नुभयो, त्यो मैले बुझ्न सकेको छैन।

अन्त्यमा, म तपाईंलाई, मेरा अन्य साथीहरूलाई र मेरो मुद्दामा चासो राख्ने सबै मानिसहरूलाई यो जानकारी दिन चाहन्छु कि मैले तपाईंको यस कदमलाई स्वीकार गरेको छैन। म अझै पनि आफ्नो बचाउमा कुनै पनि दलील पेस गर्ने पक्षमा छैन। अदालतले मेरा केही सह-अभियुक्तहरूले प्रतिरक्षाका सम्बन्धमा दिएका निवेदनहरू स्वीकार गरेको भए पनि, म आफ्नोतर्फबाट कुनै बचाउ गर्ने थिइनँ। भोक हडतालका क्रममा भेटघाटको अनुमति माग्दै मैले ट्रिब्युनलमा दिएका आवेदनहरूको गलत व्याख्या गरियो र म आफ्नो प्रतिरक्षा गर्न तयार छु भन्ने आशयका समाचारहरू पत्रपत्रिकामा छापिए, जबकि वास्तविकतामा म कहिल्यै त्यसका लागि इच्छुक थिइनँ। मेरो विचार अझै पनि उस्तै अटल छ। बोर्स्टल जेलमा रहेका मेरा साथीहरूले मेरो तर्फबाट भएको यस कार्यलाई विश्वासघात र धोकाका रूपमा लिनेछन् र उनीहरूकासामु आफ्नो स्थिति स्पष्ट पार्ने अवसर समेत मैले पाउने छैन।

म चाहन्छु कि यस जटिलताका बारेमा जनताले सबै विवरणहरू थाहा पाऊन्, त्यसैले म तपाईंलाई यो पत्र सार्वजनिक गरिदिन अनुरोध गर्दछु।

*तपाईंको स्नेही छोरा,*
*भगत सिंह*

***स्रोत:*** ***www.marxists.org***
***दायित्वबोध डटकमबाट***

***प्रस्तुति: हर्कबहादुर प्रधान***

# समाजमा सामाजिक कार्यकर्ताको भूमिका महत्त्वपूर्ण हुने

**विगोल**

सज्जनहरूको बस्तीलाई हामी राम्रो समाज भन्छौँ। सेवा नै धर्म हो भन्ने मान्यता त्यही समाजबाट व्यापक भएको हो। भनिन्छ, मान्छे जन्मेर समाजको सेवा गर्नुपर्छ। यो हाम्रो समाजमा चल्दै आएको मूल्य र मान्यता हो। प्रत्येक व्यक्ति समाजप्रति अर्पित हुन्छ। जो समाजप्रति अर्पित हुन्छ ऊ समाजसेवी हुन्छ। उसलाई समाजले चिनेको हुन्छ। तर, समाजमा चिनाउन या समाजसेवी बन्न समाज या समुदायको निम्ति काम गर्नुपर्छ। समाजमा भिजिसकेका व्यक्ति या समाजको दु:ख-सुख बुझ्ने र दु:ख-सुख बुझेर समाजलाई सहयोग गर्ने, सघाउने व्यक्ति नै सामाजिक कार्यकर्ता हुन्छ। त्यस्तो व्यक्ति लोकप्रिय हुन्छ। समाजको सत्पात्र बन्छ। समाजमा तिनीहरूको सम्मान हुन्छ, कदर हुन्छ। तर, त्यो सम्मान र कदर पाउन उसले समाजको निम्ति धेरै काम गर्नुपर्छ, मेहनत गर्नुपर्छ। त्यो काम व्यक्तिगत स्वार्थको निम्ति होइन समुदायको निम्ति हुनुपर्छ। त्यस्ता व्यक्तिहरू नै हाम्रा सामाजिक कार्यकर्ता हुन्छन्। समाजमा सामाजिक कार्यकर्ताहरूको धेरै आवश्यकता छ। सामाजिक कार्यकर्ताहरू बढाउने हाम्रो चाहना र प्रयासलाई निरन्तरता दिई नै रहनुपर्छ। कति सामाजिक कार्यकर्ताहरू सेवा भावकै कारण लागेका हुन्छन्। कति कार्यकर्ताहरू सामाजिक सङ्घ-संस्थाहरू स्थापना भएबाटै तय भएका हुन्छन्। यस अर्थमा जति सामाजिक सङ्घ-संस्थाहरू स्थापना गरिएका हुन्छन्, त्यति नै सामाजिक कार्यकर्ताहरूको सङ्ख्या बढी हुन्छ। त्यतिकै कार्यकर्ताहरू परिचालन हुन्छन्। बगिरहेको पानी बासी हुँदैन भनेझैँ परिचालित कार्यकर्ताहरू सुसज्जित हुन्छन्, सक्रिय हुन्छन् र बुद्धिले खारिएका हुन्छन्।

सामाजिक संस्था समाजकै निम्ति खोलिएको हुन्छ। यो राम्रो काम हो। तर, सामाजिक सेवाको नाउँमा कति व्यक्तिहरू आफ्नो व्यक्तिगत स्वार्थका लागि पनि लागेका हुन्छन्। तिनीहरू आफ्नो स्वार्थ पूरा भएपछि संस्थालाई वास्ता गर्दैनन्। कहिलेकाहीँ संस्थालाई बदनाम गराउने कार्यमा पनि अघि सर्छन्। सामाजिक सेवाका निम्ति खोलिएका कतिपय संस्थानहरू डुब्नु र संस्थानका जिम्मेवार व्यक्तिहरू भाग्नु पनि यस्तै कारणले हुनसक्छ। यस अर्थमा संस्थाका जिम्मेवार सबै व्यक्तिहरू चनाखो हुनैपर्छ।

कुनै पनि संस्था आदर्शोन्मुखतिर लम्कनु पर्छ। संस्थाभित्र चिल्लो घस्ने, मिठा-मिठा कुरा गरेर संस्था आफ्नो हातमा लिने, विद्वता ठानेर पदाधिकारीहरूलाई मख्ख पार्ने प्रवृत्तिप्रति पनि होस पुऱ्याउनुपर्छ। यो अस्वाभाविक होइन किनभने हाम्रो समाजमा स्वार्थी व्यक्तिहरू छन्। तिनीहरू आफू काम गर्दैनन्, तर अरुको खिसी उडाउनतिर व्यस्त हुन्छन्। त्यसको अर्थ गल्ती औँल्याउनु हुँदैन भन्ने होइन। हामीहरूबिच आलोचना र आत्मालोचना गर्नुपर्छ। हो, सामाजिक कार्यकर्ताहरू समाज सेवाउन्मुख हुनुपर्छ। तिनीहरू इमानदार हुनुपर्छ। तिनीहरूको समय समाजकै निम्ति लगानी हुनुपर्छ; तुलनात्मक रूपले तिनीहरूको महत्त्व बढी हुन्छ। यहाँ असलभन्दा खराब र इमानदारभन्दा बेइमानहरू बढी भयो भने समाज नै भ्रष्ट हुन्छ। समाजमा तिनीहरूकै रजाइँ हुन्छ। यो समाजको लागि घातकसिद्ध हुन्छ। अत: संस्थानहरूमा कसैले कुनै कैफियत गर्न खोज्यो, आफ्नो व्यक्तिगत स्वार्थ राखेर कुनै कुरा निकाल्यो भने त्यसतर्फ पनि हाम्रो ध्यान जानुपर्छ। त्यसैले देश र जनताको सेवा गर्ने इमानदार राजनीतिक कार्यकर्ताहरूझैँ समाजसेवा गर्ने सामाजिक कार्यकर्ताहरूको पनि त्यतिकै महत्त्व छ। तिनीहरू सधैँ खराब आचरणबाट टाढा रहनुपर्छ र खराब आचरणका व्यक्तिहरूले केही गर्लान् कि भन्ने पीर लिनुपर्छ र गम्भीर हुनु आवश्यक छ।

हामी पवित्र मनले संस्था खोल्छौँ। पवित्र मनले नै संस्था चलाउँछौँ। हुनुपर्ने र गर्नुपर्ने पनि यही हो। तर, संस्थामा कुनै दिन खराब आचरणका व्यक्तिहरू पनि घुस्न सक्छन् भन्ने कुरा मनमा लिनुपर्छ। सुरुसुरुमा तिनीहरूले संस्थाको विश्वास लिन या संस्थाका पदाधिकारी र बचतकर्ताहरूलाई विश्वास दिलाउन राम्रो काम पनि गरेका हुन्छन्। सुरुमा राम्रो काम गरेका र संस्थाको आस्था र विश्वास जितिसकेका व्यक्तिहरूको मन पछि बिग्रन सक्छन् भन्नेतिर पनि हाम्रो ध्यान जानु आवश्यक छ। त्यस्ता व्यक्तिहरूलाई हामीले चिनिराख्नुपर्छ। तर, अनावश्यक शङ्का-उपशङ्का गर्नु पनि मनासिब होइन। त्यस्ता व्यक्तिहरू बिग्रलान् र भाग्लान् भन्ने दृष्टिले मात्र हेर्दा पनि परिणाम अर्को हुनसक्छ। तिनीहरूको प्रवृत्तिलाई जित्ने, सुधार्ने र सच्याउने मौका दिनुपर्छ। बिगार्ला र बदनाम गर्ला भन्ने डरले एकतर्फी ढङ्गले अघि बढ्यो भने समस्याको निकास पनि नआउला। अपराधी या दोषीलाई सपार्नुपर्छ या सुधार्नुपर्छ। विचारलाई परिवर्तन गर्नु भनेकै यही हो। बिग्रिएका, बिग्रन लागेका व्यक्तिहरूलाई ठीक ठाउँमा ल्याउने हाम्रो उद्देश्य हुनुपर्छ। आदर्श समाज स्थापना गर्न, समाजका व्यक्तिहरूलाई आदर्शवान् बनाउनु हाम्रो उद्देश्य हो। त्यसको अर्थ अभियुक्तहरूको पक्षमा वकालत गर्नु होइन, तिनीहरूको कुरालाई आँखा चिम्लेर समर्थन गर्नु होइन।

त्यसो त मानव समाजको प्रारम्भसँगै समाजमा परेका र भोगेका दु:ख र पीडालाई एकापसमा बाँड्न भेला हुनु पनि सामाजिक क्रियाकलापका गतिविधि हुन्। सर-सल्लाह र छलफल गरेर समस्याको निकास खोज्नु या निकाल्नु सामाजिक कार्य नै हो। विचार गर्दा चिकित्सक, स्वास्थ्यकर्मी, अस्पताल र स्वास्थ्य केन्द्रहरू नभएको बेला नेपाली जडीबुटीको औषधि उपचार गर्नुलाई सामाजिक सेवाकै रूपमा लिनुपर्छ।

लाग्छ, भक्तपुरमा पाटी पौवा, मठ-मन्दिर, ढुङ्गेधारा, इनार, पोखरी, सत्तल, विहार, स्तुप, चैत्य मूर्तिहरूको निर्माण र व्यवस्थापन मानव समाजको विकसित अवस्थाको चरण हो। ती सम्पदाका धरोहर र पाटी पौवा पनि समाजकै हितका निम्ति समाजकै मूल्य र मान्यताअनुसार बनाइएका हुन्। जुन हाम्रो पुर्खाको सम्पत्ति बनेको छ। यो हाम्रो आफ्नो मौलिक सम्पदा बनेको छ। आज यहाँ जति पनि परम्परागत नाचगान, नृत्य, वाद्यवादनका स्रोत, साधनहरू छन् तिनीहरू पनि त्यस्तै कुनै गुठी (गुथि), समूह, डाफाभजन, टोली आदि सङ्घ-संस्थाहरूको स्थापनाकै कारण हालसम्म जीवन्तै छ। जुन अद्यापि ज्यूँका त्यूँ छ। त्यसको जीवन्तता र संरक्षणको लागि जग्गा र कोष बन्दोबस्त अवश्य पनि बुद्धिमानीपूर्ण काम हो।

अहिले टोल-टोल र गाउँ-गाउँमा स्थापना गरिएका क्लव, वाचनालय, पुस्तकालय, खेलकुद सङ्घ-संस्था या समितिहरू, सामाजिक सङ्घ संस्थाहरू पनि सामाजिक सेवाकै सिलसिलामा विस्तार भएका हुन्। ती संस्थाहरू स्थापना भएपछि निश्चिय नै थोरै या धेरै मानिसहरू त्यहाँ झुमिएका हुन्छन्। समूहमा बसेका हुन्छन् र रुचिअनुसार विभिन्न क्षेत्रमा लागेका हुन्छन्। कुनै खेलमा लागेका हुन्छन् त कुनै पुस्तकालयमा। कुनै क्लवमा त कुनै त्यस्तै सामाजिक सङ्घ-संस्थामा व्यस्त भएका हुन्छन्। जब हामी यस्ता रचनात्मक क्रियाकलापमा सरिक हुन्छौँ, तब प्रत्यक्ष या अप्रत्यक्षरूपमा समाजमा फैलिएका कति विकृतिहरू स्वाभाविक रूपमा घटेका हुन्छन्। आजकल विद्यार्थीहरू जुवा, तासजस्ता विकृतिमा संलग्न नहुनु विभिन्न खेलकुद, क्लव, पुस्तकालयहरूको स्थापना हुनु पनि हो। यो पनि एक प्रकारको सामाजिक कार्य नै मान्नुपर्छ। यस्तै सामाजिक संस्थाहरूलाई बढावा दिँदै गयो भने भोलि यहाँ जुवा तास भन्ने कुरा नै हुनेछैन।

आजकल टोल-छिमेकमा विभिन्न बचत तथा सहकारी संस्थाहरू स्थापना गरिएका छन्। यी विभिन्न सहकारी संस्थाहरूबाट एकातिर दुई चार जनाको लागि रोजगारको अवसर मिलेको हुन्छ भने अर्कोतिर स्थानीय बासिन्दाहरू परिचालन भएका हुन्छन्। कमसेकम स्थानीय बासिन्दाहरूले दुई चार सय रूपैयाँ सञ्चय गर्ने मौका पाएका छन्, सङ्कटको बेला ऋणको सुविधा लिने अवसर पाएका होलान्। यसलाई पनि हामीले सामाजिक कार्य नै मान्नुपर्छ। सहकारी संस्थाअन्तर्गतका विभिन्न समिति, उपसमितिहरू हुन्छन्, त्यसको बैठक हुन्छ र ती समितिहरूको सक्रियतामा स्वास्थ्य शिविर, रोजगारमूलक तालिम आदि सञ्चालन भएका होलान्। के यी गतिविधिहरू सामाजिक सेवाअन्तर्गत पर्दैनन् ? के ती गतिविधिहरूले टोलका बासिन्दाहरू परिचालन हुँदैनन् ? यसले घर-खेतको धन्दामा मात्र लागेका कति हाम्रा दाजुभाइ तथा दिदीबहिनीलाई पनि सामाजिक कार्यमा लाग्ने प्रेरणा मिल्छ।

हो, स्थापना गरिएका संस्थाहरू क्रियाशील बनाउनुपर्छ। संस्थाका जिम्मेवार व्यक्ति तथा बचतकर्ताहरू सक्रिय भएपछि संस्था पनि क्रियाशील हुन्छ र संस्था नियमित रूपमा परिचालन भएको हुनुपर्छ। संस्थाको सफलता र असफलताको मूल्याङ्कन गर्ने आधार पनि संस्थाको परिचालन नै हो। कुनै पनि बचत तथा सहकारी संस्था पैसा जम्मा गर्ने एउटा बैङ्कको रूपमा मात्र लिन मिल्दैन। त्यसमा मात्रै सीमित भयो भने संस्था घाटा हुनसक्छ र कुनै दिन डुब्न सक्छ। यस अर्थमा संस्थालाई व्यवस्थित रूपले परिचालन गर्नुपर्छ। संस्थामा भएका कमी-कमजोरी औँल्याउने, त्रुटी भएमा सच्याउने काममा हाम्रो ध्यान जानु आवश्यक छ। तर, कमजोरी औँल्याउने र त्रुटी सच्याउने नाममा मनपरी गाली गर्नु पक्कै पनि हाम्रो कर्तव्य होइन, त्यो मनासिब पनि छैन।

# निर्वाचनबारे संवाद ६

✍ आयसाश्री

***(खड्काजी र थापाजी फरक पालिकाका भए पनि दुवै एउटै कलेजमा पढ्छन् । कलेजको चिया पसलमा दुई जनाबिच फागुन २१ गतेको चुनावबारे छलफल हुन्छ ।)***

खड्काजी : भदौं २३ र २४ गतेको घटनाको छानबिन आयोगको प्रतिवेदनबारे बताइदिनुहुन्छ ?

थापाजी : शासकहरूले २०४६ सालयताका आन्दोलनबारे यस्ता आयोग बनाई छानबिन गराए पनि प्रतिवेदन कार्यान्वयन गरेनन् । यसपटक पनि भदौ २३ गतेको हत्या र भदौ २४ गतेको देशभरि आगजनीमा संलग्न दोषीलाई कारबाही हुने लक्षण छैन । सरकारले चुनावअघि नै घटनाबारे प्रतिवेदनहरू सार्वजनिक गरी दोषीलाई कारबाही गर्नुपर्ने थियो, भएन ।

खड्काजी : नयाँ सरकारले आफ्नो घोषणापत्रअनुसार काम गर्ला त ?

थापाजी : अहिलेसम्मका सरकारहरूले घोषणापत्रअनुसार काम गरेको अभिलेख छैन । यो सरकार पनि उस्तै नहोला भन्न सकिन्न ।

खड्काजी : सरकारहरू साम्प्रदायिक किन भए ?

थापाजी : राजनीतिक पार्टीको दर्शन देश र जनताको नि:स्वार्थ सेवा हुनुपर्ने, राजनीतिक पार्टीका नेताको पृष्ठभूमि कुनै गलत काममा नफसेको र देश एवम् जनताप्रति समर्पित हुनु आवश्यक छ । यो किसिमका प्रतिबद्धता नभएका शासक पार्टी र तिनका नेताहरू निर्वाचन जित्न र सरकारमा पुग्न साम्प्रदायिक हुनु स्वाभाविक हो ।

खड्काजी : आयोगको प्रतिवेदनमा तत्कालीन प्रधानमन्त्री केपी ओलीलाई राजीनामा गराउन एमालेकै केही नेताहरूबाट सुझाव आएको र थप मानवीय क्षति रोक्न राजीनामा उपयुक्त हुने उल्लेख भएको बारे के हो त ?

थापाजी : भदौ २३ गतेको कार्यक्रम आयोजकहरूले नै सो दिन घुसपैठ भएको बताएको हुँदा त्यसपछिका घटनादेखि अहिलेसम्मको अवस्था नेपालीको काबुभन्दा बाहिर पुगेको पुष्टि हुँदै छ । सरकारको भर नपरी अब सबै नेपाली जनता नेपालको आकाशमा हुनसक्ने बमबारी रोक्ने तर्फलाग्नु आवश्यक छ ।

खड्काजी : अब देश कसरी बद्ला त ?

थापाजी : व्यक्ति परिवर्तन भएर केही हुने होइन, नियतमा परिवर्तन हुनु आवश्यक छ । कर्मचारीतन्त्र र सुरक्षा निकाय निष्पक्ष हुनु जरूरी छ । सरकारमा पुगेका दलका अधिकांश सांसदहरू अघिल्ला शासक दल त्यागेर आएको हुनाले कुनै नवीनता अपेक्षा गर्ने ठाउँ छैन । बिहानले दिनको सङ्केत गर्छ ।

*२०८२ चैत १४ गते ।*

# "देश र जनताको सेवा गर्नेहरू कहिले पनि हार्दैनन्"

भक्तपुर, १४ चैत । नेपाल मजदुर किसान पार्टी, भनपा ७ वडा समितिको आयोजनामा गत फागुन २१ गते सम्पन्न प्रतिनिधिसभाको निर्वाचनमा मतदान गर्ने तथा सहयोग गर्ने सम्पूर्ण महानुभावहरूलाई धन्यवाद ज्ञापन कार्यक्रम भएको छ ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य तथा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले नेमकिपा क्रान्तिकारी संसद्वादलाई उपयोग गरी देश र जनताको हितका लागि राजनीति गर्ने पार्टी भएको उल्लेख गर्दै देश र जनताको पक्षमा सडक सङ्घर्ष निरन्तर भइरहने विचार व्यक्त गर्नुभयो ।

युक्रेनलाई सन् १९९३ मा एसपीपी गराएर पछि नाटोको सदस्यता लिएकै कारण युक्रेन रसिया युद्ध भएको सन्दर्भ जोड्दै उहाँले नेपाललाई पनि यही चक्रव्युहमा फसाउन सक्नेतर्फ जनता सचेत हुनुपर्छ भन्नुभयो ।

भदौ २४ गते व्यवस्थापिका, न्यायपालिका र कार्यपालिकालाई खरानी बनाएको उल्लेख गर्दै उहाँले कुनै पनि साधारण शक्तिले त्यस्तो गर्न सक्दैन; संरा अमेरिका सैनिक पोशाकमा आउनुपर्छ भन्ने होइन, नेपाली अनुहारका अमेरिकी विचार बोकेकाहरूबाटै अमेरिकाको उद्देश्य पूरा गर्ने काम हुनेछ भन्नुभयो ।

नयाँ पुस्ताका युवा विद्यार्थीलाई देशको माया गर्ने, देशको निम्ति काम गर्ने जनशक्तिको रूपमा तयार गर्नुपर्ने आवश्यकता औँल्याउँदै उहाँले देश र जनताको सेवा गर्नेहरू कहिले पनि हार्दैनन् भन्नुभयो ।




नेमकिपाका केन्द्रीय सदस्य एवं भनपा ७ वडाका वडाध्यक्ष उकेश कवांले निर्वाचनमा हारजित हुनु ठुलो विषय होइन; देशको राजनीति अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवादको इसारामा चलेसम्म देश र जनताको भलो नहुने विचार व्यक्त गर्नुभयो । नेमकिपाले निरन्तर अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवादको विरोध गर्दै आएको अब झन् सान्दर्भिक भएको उहाँले बताउनुभयो ।

उहाँले मतदाता तथा सबै सहयोगी महानुभावहरूलाई धन्यवाद व्यक्त गर्नुभयो ।

नेमकिपा भक्तपुर नगर समितिका सदस्य नारायणप्रसाद त्वानाबासुले यसपालिको निर्वाचनमा मतदानपछि मतपेटिकासँगै दलका प्रतिनिधिहरू नलगी सेनाको अधीनमा लाने काम भएको बताउँदै जसरी युक्रेनमा हास्य कलाकार जेलेन्स्कीलाई जिताउन अमेरिकी प्रपञ्च रचियो त्यसरी नै नेपालमा पनि प्रपञ्च रचिएको हुँदा सावधान हुनुपर्छ भन्नुभयो ।

नेमकिपा ७ का अध्यक्ष एवं निर्वाचन परिचालन समितिका संयोजक कृष्णगोविन्द खाइजुको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा बलराम गोसाई र दीपक खिचाजुले पनि बोल्नुभएको थियो ।

***सिद्धि...***

ज्येष्ठ सदस्यहरूलाई स्वास्थ्य हेरविचारका विभिन्न पक्षहरूबारे जानकारी दिँदै निरोगी बन्नका लागि उचित खानपानसँगै शारीरिक व्यायाम पनि त्यति नै जरूरी छ भन्नुभयो ।

उहाँले संस्थाबाट सञ्चालित सिद्धि गणेश स्वास्थ्य क्लिनिकबाट नियमित जनरल, दन्त, फिजियोथेरापी एवं मुटुरोगसम्बन्धी स्वास्थ्य सेवाहरू प्रदान गर्दै आएको जानकारी दिनुभयो ।

कार्यक्रमका सभापति एवं संस्थाका अध्यक्ष रूद्रनारायण लाखाले ३१ जना युवाहरूको ३१०० रुपैयाँ सुरू भएको संस्थामा हाल २२ हजार शेयर सदस्य रहेको जानकारी दिनुभयो ।

उहाँले संस्था आर्थिक क्रियाकलापमा मात्र सीमित नभई विभिन्न सामाजिक गतिविधि गर्नुका साथै संसथाले विभिन्न सीपमूलक तालिमहरू पनि सञ्चालन गर्दै आएको बताउनुभयो । संस्थाबाट उद्यमशीलतालाई प्राथमिकता दिई सुरक्षित ऋण लगानी गर्दै आएको हुँदा संस्था सुरक्षित रहेको अध्यक्ष लाखाले बताउनुभयो ।

कार्यक्रममा संस्थाका उपाध्यक्ष उपाध्यक्ष विष्णुराम दुमरू, सचिव विष्णुप्रसाद दुमरू, संस्थाका कोषाध्यक्ष जयराम गोर्खाली र व्यवस्थापक शिला गोसाईले पनि बोल्नुभएको थियो ।

सो कार्यक्रममा ज्येष्ठ सदस्यहरूको नि:शुल्क मुटुरोगको उपचारलगायत जनरल स्वास्थ्य परीक्षण गरी नि:शुल्क औषधि वितरण गरिएको थियो ।

स्वास्थ्य अमूल्य सम्पत्ति हो, यसको रक्षा गरौं।

- सन्तुलित र पौष्टिक खाना सेवन गरौं,
- दैनिक शारीरिक व्यायाम गरौं,
- स्वच्छ पानी र सरसफाइमा विशेष ध्यान दिऔं,
- खोप तथा आवश्यक स्वास्थ्य सेवा समयमै लिऔं,
- नियमितरूपमा स्वास्थ्यसम्बन्धी परामर्श लिऔं,
- मानसिक स्वास्थ्यको ख्याल राखौं र तनाव व्यवस्थापन गरौं,
- सुर्ती, मदिरा र लागूऔषधबाट टाढा रहौं,
- नियमित स्वास्थ्य परीक्षण गराऔं,

स्वस्थ नागरिक, समुन्नत राष्ट्र।

नेपाल सरकार
विज्ञापन बोर्ड

## भक्तपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

## सामाजिक सुरक्षा भत्ता वितरणसम्बन्धी सूचना

आ.व.२०८२।८३ को सामाजिक सुरक्षा भत्ताअन्तर्गत तेस्रो त्रैमासिक (२०८२ माघ, फागुन र चैतको) देहायबमोजिमका बैंकहरूमा EFT मार्फत भत्ता जम्मा भइसकेको हुँदा सम्बन्धित लाभग्राहीहरूलाई सम्बन्धित वडा कार्यालयहरू तथा बैङ्कमार्फत निम्न मिति र स्थानमा वितरण गरिने हुँदा उक्त भत्ता रकम बुझ्न लाभग्राहीहरू देहायबमोजिमका कागजातसहित उपस्थित भई दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| वडा नं. | वितरण मिति | वितरण गर्ने स्थान |
|---|---|---|
| १. | मिति २०८२ चैत १६ गते<br>मिति २०८२ चैत १८ गतेबाट | १ नं. वडा कार्यालय, दूधपाटी<br>कुमारी बैङ्क, नपुखु |
| २. | मिति २०८२ चैत १६ गतेदेखि | भ.न.पा. नेपाल बैङ्क काउन्टर, ब्यासी |
| ३. | मिति २०८२ चैत १७ गते<br>मिति २०८२ चैत १८ गतेबाट | ३ नं. वडा कार्यालय, वंशगोपाल<br>कुमारी बैङ्क, नपुखु |
| ४. | मिति २०८२ चैत १७ गतेदेखि | सिद्धार्थ बैङ्क, राममन्दिर |
| ५. | मिति २०८२ चैत १७ गतेदेखि | लक्ष्मी सनराइज बैङ्क, सुकुलढोका |
| ६. | मिति २०८२ चैत १७ र १८ गते<br>मिति २०८२ चैत १९ गतेदेखि | ६ नं. वडा कार्यालय, भोलाछेँ<br>कुमारी बैङ्क, ब्यासी |
| ७. | मिति २०८२ चैत १७ र १८ गते<br>मिति २०८२ चैत १९ गतेदेखि | ७ नं. वडा कार्यालय<br>कुमारी बैङ्क, जगाती |
| ८. | मिति २०८२ चैत १७ गतेदेखि | प्राइम बैङ्क, च्याम्हासिंह |
| ९. | मिति २०८२ चैत १६ गतेदेखि | सिद्धार्थ बैङ्क, च्याम्हासिंह |
| १०. | मिति २०८२ चैत १७ र १८ गते<br>मिति २०८२ चैत १९ गतेदेखि | १० नं. वडा कार्यालय, कमलविनायक<br>नेपाल इन्भेस्टमेन्ट मेगा बैङ्क, कमलविनायक |

**आवश्यक कागजातहरू :**

१. सामाजिक सुरक्षा परिचयपत्र,
२. संरक्षकको हकमा संरक्षक खुलेको कागजात वा सम्बन्धित वडाको सिफारिस र परिचयपत्र,
३. चेकबुक प्राप्त लाभग्राहीहरूले आफ्नो चेकबुक साथमा लिएर आउनुहोला ।

**थप जानकारीका लागि : सामाजिक सुरक्षा तथा पञ्जिकरण शाखा.भ.न.पा : ०१-५९१८४४३**

भक्तपुर नगरपालिकाद्धारा सञ्चालित

## ख्वप अस्पताल

KHWOPA HOSPITAL

च्याम्हासिंह-०९, भक्तपुर

## विद्युतीय बोलपत्र (ई-टेन्डर) आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मिति २०८२ चैत १५ गते**

भक्तपुर नगरपालिकाद्धारा सञ्चालित ख्वप अस्पतालका लागि मेसिन तथा उपकरणहरू खरिद गर्नुपर्ने भएकोले विद्युतीय प्रणालीमार्फत बोलपत्र (ई-टेन्डर) NCB (Single Stage single Envelope) आह्वान गरिन्छ । बोलपत्रसम्बन्धी विस्तृत सूचना, बोलपत्रका सर्तहरू आदिबारे सार्वजनिक खरिद अनुगमन कार्यालयको बोलपत्रसम्बन्धी Website: www.bolpatra.gov.np/egp मा राखिएको छ ।

| S.N. | IFB.No. | Item Name | Bid Security Amount | Bid Document Fee |
|---|---|---|---|---|
| 1. | KH/GOODS/NCB/082/83/01 | Procurement of Patient Transfer Trolley | 80,000.00 | 3,000.00 |
| 2. | KH/GOODS/NCB/082/83/02 | Procurement of Patient Monitor | 70,000.00 | 3,000.00 |
| 3. | KH/GOODS/NCB/082/83/03 | Procurement of Surgical Microscope | 1,80,000.00 | 3,000.00 |
| 4. | KH/GOODS/NCB/082/83/04 | Procurement of Urology Instruments | 65,000.00 | 3,000.00 |
| 5. | KH/GOODS/NCB/082/83/05 | Supply, Installation and Commissioning of SNCU Setup Equipments | 3,55,000.00 | 3,000.00 |

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा